छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २८ • अंक ११२ • २०८३ साल भाद्र २४ गते बुधबार (9 September, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

## एनभिएलमा मधेशको पहिलो जित

**टुडे समाचारदाता**

जनकपुरधाम । एक्सट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभिएल) मा पहिलो जित मधेश वारियर्सले निकालेको छ।

लगातार ३ खेलमा पराजय भोगेको मधेश वारियर्सले आफ्नो चौथो खेलमा पहिलो जित निकालेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको खेलमा रविन नगरकोटी मार्की खेलाडी रहेको मधेशले धिरोजकाजी बस्नेत मार्की खेलाडी रहेको खप्तड फाल्कन्सलाई ३- ० को सोझो सेटमा पराजित गरेको छ।

यसअघि मधेश पहिलो खेलमा सगरमाथा स्म्यासर्ससंग ३-१, दोश्रोमा काठमाडौं रेड्ससंग ३-२ र अन्नपूर्ण स्पाइकर किङ्ससंग ३-१ ले पराजित भएको थियो।

खप्तड तेस्रो पनि पराजित हुनु परेको छ। खप्तड यसअघि सगरमाथा र कर्णाली शिवराजसँग ३-० को सोझो सेटमा पराजित भएको थियो। खप्तडको प्ले अफ पुग्न सम्भावना कमजोर भएको छ।



एक्सट्रिम इनर्जी ड्रिंकको मुख्य प्रायोजन, नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ टोली सहभागी छन्।

सिंगल राउण्ड रोविन लिगपछि शीर्ष टोली फाइनलमा प्रवेश गर्ने छ। दोस्रो र तेस्रो रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्ने छन्।

एनभिएलको कुल पुरस्कार राशी ३२ लाख रुपैयाँ रहेको छ। सो पुरस्कार नेपाली भलिबलकै इतिहासमा हालसम्मकै सर्वाधिक रहेको छ। विजेताले २० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्ने छ।

कनेक्टेड वाइ एनसेल रहेको प्रतियोगिताको फ्लोरिङ पार्टनरमा यती कार्पेट, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, एडुकेसन पार्टनरमामा डिएभी स्कुल, इन्सुरेन्स पार्टनरमामा हिमालय लाइफ इन्सुरेन्स, टुरिजम पार्टनरमा नेपाल टुरिजम बोर्ड, हेल्थ पार्टनरमा रफ्रान्स आयल र डिजिटल पार्टनरमा एक्स-ऐज रहेका छन्।

पुरुष भलिबलको फ्रेनचाइज लिग नेपालमा पहिलोपटक भएको जनाइएको छ। फाइनल खेल भने भदौ २७ गते हुनेछ।

### पोखरी अतिक्रमणमुक्त अभियानविरुद्ध प्रदर्शन

## गुठी संस्थानले भन्यो, 'नापीको नक्सा अनुसार संरचना हटाइयो'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाभित्रका पोखरी तथा तिनका डिल अतिक्रमणमुक्त बनाउने अभियानलाई गुठी संस्थानले तीव्र पारेसँगै त्यसको विरोधमा स्थानीय सडकमा उत्रिएका छन्।

जनकपुरधाम-१४ मा पर्ने लबकी पोखरीको डिलनजिक घर बनाएर बस्दै आएका स्थानीयले गुठी संस्थानले मापदण्ड र कानुन विपरीत आफूहरूको घर भत्काउन खोजेको आरोप लगाएका छन्। उनीहरूले गुठीको रेखाङ्कन नै गलत भएको दाबी गर्दै अभियान रोक्न माग गरेका छन्।

वडा सदस्य रमेश साहको अगुवाइमा स्थानीयले पूर्व-पश्चिम राजमार्गअन्तर्गत जनकपुरधाम- ढल्केवर सडकखण्डको पिडारी चोकमा बिहानैदेखि घण्टौं सडक अवरुद्ध गर्दै प्रदर्शन गरेका थिए। प्रदर्शनकारीले कडा रुपमा नारावाजी गर्दै मापदण्डविपरीतको अभियान बन्द गर्नुपर्ने र २०६२ सालको प्रतिवेदन खारेज गर्नुपर्ने तथा '२०४६ को नक्सा कायम गर' लगायतका नारा लगाएका थिए।

वडा सदस्य साहले लबकी पोखरी गुठी संस्थानको स्वामित्वमा नरहेको दाबी गरे। उनले बताए अनुसार आफू लगायत करिब ४२ परिवार ७० वर्षभन्दा लामो समयदेखि सो क्षेत्रमा घर बनाएर बस्दै आएका छन्।



साहले भने, "जग्गासम्बन्धी विभिन्न कागजात र प्रमाण हुँदाहुँदै गुठीले कानुनविपरीत रेखाङ्कन गरेर घर भत्काउन खोजेको छ।"

स्थानीय श्याम यादवले पनि गुठीले आफ्नो स्वामित्वमै नरहेको जग्गामा बलजफती दाबी गरेर घर भत्काउन खोजेको आरोप लगाए। "यदि हामीले मापदण्ड वा कानुनविपरीत घर बनाएका रहेछौं भने अवरोध गर्दैनौं। तर गुठीको जग्गा नै नभएको ठाउँमा दाबी गरेर घर तोड्न खोज्नु अन्याय हो," उनले भने।

प्रदर्शनमा सहभागी विन्देश्वर देवी दासले आफूहरू तीन पुस्तादेखि सोही घरमा बस्दै आएको बताइन्। उनले गुठीको जग्गामा ठूला भवन बनाएर होटल तथा अस्पताल सञ्चालन गर्ने पहुँचवालामाथि कारबाही नगरी गरिबका घरमा मात्र डोजर चलाउन खोजिएको आरोप लगाइन्।

यता, गुठी संस्थानले भने पोखरी तथा डिल अतिक्रमण हटाउने अभियान नापी कार्यालयले गरेको रेखांकन र नापनक्साका आधारमा सञ्चालन गरिएको जनाएको छ। गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको २०६२ को प्रतिवेदन कार्यान्वयन समितिका सदस्य-सचिव जनक पोखरेलले पहिलो चरणमा भत्काइएका संरचना नापी कार्यालयको रेखाङ्कनअनुसार नै हटाइएको दाबी गरे।

उनले अभियानमा काखापाखा वा आर्थिक लेनदेन भएको आरोप अस्वीकार गरे। "हामीले कसैसँग काखापाखा वा आर्थिक लेनदेन गरेका छैनौं। सम्बन्धित नापी कार्यालयले रेखाङ्कन गरिदिएको नापनक्साअनुसार संरचना हटाएका हौं," पोखरेलले भने।

गुठी संस्थानको धनुषा शाखाले गत भदौ ६ गते जनकपुरधामका सात वटा पोखरीका डिलमा रहेका संरचना डोजर लगाएर हटाएको थियो। त्यसको १४ दिनपछि दोस्रो चरणअन्तर्गत १५ वटा पोखरी तथा तिनका डिल सात दिनभित्र खाली गर्न सूचना जारी गरिएको छ।

सूचीमा देवान पोखरी (चन्द्रकूप), मध्यमासर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी, लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्डलगायत छन्।

तोकिएको अवधिमा संरचना नहटाए आठौं दिनदेखि पुनः डोजर लगाएर अतिक्रमित संरचना भत्काइने गुठी संस्थानले जनाएको छ। यससँगै पोखरी संरक्षणको अभियान र वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयको अधिकारबीचको विवाद थप पेचिलो बन्दै गएको देखिन्छ।

## भोटेकोशी महाविपत्तिः जलविद्युत आयोजनामा ९१९ अझै सम्पर्कविहीन

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी नदीमा गएको बाढीपछि रसुवा र नुवाकोटका जलविद्युत् आयोजनामा सम्पर्कविहीन भएकाहरूको खोज तथा उद्धार जारी नै छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले जनाए अनुसार बाढीबाट प्रभावित ११ जलविद्युत् आयोजनामा अझै ९१९ जना सम्पर्कविहीन छन्।

बाढीबाट सबैभन्दा बढी प्रभावित माथिल्लो त्रिशूली-१ आयोजनामा खोज तथा उद्धार कार्य कठिन बनेको छ। आयोजनास्थलमा बाढी आउनुअघि १ हजार ४३३ जना कार्यरत रहेकामा ८७८ जनाको उद्धार भइसकेको छ। बाँकीमध्ये नेपाली तथा विदेशी गरी ५४५ जना सम्पर्कविहीन रहेको बताइएको छ। जसमध्ये ९ जना कोरियाली, ३४ जना चिनियाँ र ५० जना भारतीय नागरिक छन्।

सोमबार आयोजनाको सुरुङ तथा हेडवर्क्स क्षेत्रमा हराइरहेकाहरूको खोजी जारी राखिएको थियो। डिसेन्डर बेसिनमा आईआर ड्रोनमार्फत खोजतलास गरिएको थियो। नेपाली सेना, नेपाल ड्रोन एसोसिएसन, कोरियाली उद्धार टोली तथा शेर्पासहितको संयुक्त टोली खोजीमा परिचालित छ। तालिमप्राप्त सर्च डगबाट समेत मैलुङ क्षेत्रमा खोजी गरिए पनि सोमबार कुनै व्यक्ति फेला परेनन्।

अडिट नम्बर १, ३ र हेडवर्क्स क्षेत्रमा उद्धारका लागि मिनी एक्स्काभेटरलगायत उपकरण हेलिकोप्टरबाट लैजाने प्रयास गरिए पनि सीमित स्थान र जटिल भौगोलिक अवस्थाका कारण अवतरण हुन सकेन। नेपाली सेनाका अनुसार विदेशीसमेत सम्मिलित संयुक्त टोलीले मुख्य प्रवेश सुरुङमा करिब ४०० मिटरसम्म प्रवेश गरी खोजी गर्दा पनि थप व्यक्ति फेला परेका छैनन्।



यस आयोजनाको अडिट नम्बर ४ बाट भदौ २० गते बाढी गएको ११औं दिनमा एक चिनियाँ नागरिकको जीवितै उद्धार गरिएको थियो। त्यसअघि भदौ १९ गते खोजीका क्रममा ६ जनाको शव फेला परेको थियो।

माथिल्लो त्रिशूली-३ 'बी' मा पनि खोजी तीव्र पारिएको छ। आयोजनाको कार्यालय तथा आवास क्षेत्र बाढीले पुरेपछि ठूला मेसिन प्रयोग गरेर उत्खनन भइरहेको छ। तीनवटा ठूला एक्स्काभेटर र एउटा जेसीबी आयोजनास्थलमा पुऱ्याइएको छ। नेपाली सेना र आयोजना प्रतिनिधिसहितको टोलीले बबक्याट प्रयोग गरी करिब १० फिट गहिराइसम्म खन्दा पनि अहिलेसम्म भौतिक संरचना फेला परेको छैन। थप चारवटा एक्स्काभेटरबाट खोजी भइरहेको सेनाले जनाएको छ।

यस आयोजनाबाट अझै १७८ जना सम्पर्कविहीन छन्। यसअघि १९१ जना सम्पर्कविहीन भनिए पनि निर्माण कम्पनी फेवा कन्स्ट्रक्सनका १३ जना सम्पर्कमा आएका थिए। बाढीले पुरेका कार्यालय तथा आवास क्षेत्रको वास्तविक अवस्था ठूला मेसिनबाट उत्खननपछि मंगलबारसम्म स्पष्ट हुने कम्पनीको अपेक्षा छ।

माथिल्लो त्रिशूली-३ 'ए' को पावरहाउस तथा सुरुङमा पनि नेपाली सेना र आयोजनाका प्रतिनिधिसहितको टोलीले खोजी गरिरहेको छ। यहाँबाट ३९ जना सम्पर्कविहीन रहेको इप्पानले जनाएको छ।

यता लाङटाङ खोला जलविद्युत् आयोजनामा पनि उद्धार कार्य जारी छ। आयोजनाको सुरुङबाट दुईवटा शव निकालिएको छ भने अझै ३९ जना सम्पर्कविहीन छन्। १९ जनाको भने उद्धार भइसकेको छ।

चिलिमे जलविद्युत केन्द्रमा विद्युत्गृहभित्र फसेकाहरूको अवस्था अझै पत्ता लाग्न सकेको छैन। पहुँच सडक क्षतिग्रस्त हुँदा मेसिनरी उपकरण लैजान कठिन भएपछि उद्धार सुस्त बनेको थियो। सोमबारदेखि स्याफ्रुबेसीबाट पैदल तथा डोरीको सहायताले पहुँच सुरुङको प्रवेशद्वारसम्म पुग्न सकिएपछि खोजीले केही गति लिएको छ।

पहुँच सुरुङ सफा गर्ने र करिब एक किलोमिटर पहुँच सडक निर्माण गर्ने काम सँगसँगै भइरहेको बताइएको छ। सडक निर्माणका क्रममा करिब ८० मिटर भिरमा ब्लास्टिङ गर्नुपर्ने देखिएको छ। सान्जेन जलविद्युत आयोजनाका दुईवटा मेसिनरी उपकरण सडक निर्माणमा प्रयोग भइरहेका छन्। चिलिमे हाइड्रोमा विदेशीसहितको संयुक्त उद्धार टोलीले मिनी एक्स्काभेटर तथा अन्य उपकरण प्रयोग गरिरहेको छ।


रसुवागढी जलविद्युत् आयोजनामा पनि सम्पर्कविहीनहरूको अवस्था अज्ञात नै छ। पावरहाउस र कन्ट्रोल पोइन्टसम्म पुगेर नेपाली सेना, विज्ञ तथा आयोजना प्रतिनिधिले खोजी जारी राखे पनि सुरुङभित्रबाट कोही फेला नपरेपछि खोजी रोकिएको इप्पानले जनाएको छ। आठ जना पर्वतारोही शेर्पाको टोलीले घट्टेखोलादेखि टिमुरेसम्म पाँच दिन खोजी गर्दा पनि कोही नभेटिएपछि सोमबार काठमाडौं फर्किएको छ। यस आयोजनाबाट ९३ जना सम्पर्कविहीन छन्।

इप्पानले जनाए अनुसार रसुवाका आयोजनाबाट मात्रै ६९६ जना सम्पर्कविहीन छन्। माथिल्लो त्रिशूली-१ बाट ५४८, रसुवागढीबाट ९३, लाङटाङ खोलाबाट ३९, चिलिमेबाट ६, रसुवा-भोटेकोसीबाट ३ र मैलुङ खोलाबाट ७ जना सम्पर्कविहीन छन्।

नुवाकोटका आयोजनाबाट भने २२३ जना सम्पर्कविहीन रहेको जनाइएको छ। त्रिशूली जलविद्युत् केन्द्रबाट तीन, देवीघाटबाट एक, माथिल्लो त्रिशूली-३ 'ए'बाट ३९, 'बी'बाट १७८ र मिडल त्रिशूली गंगाबाट दुई जना सम्पर्कविहीन छन्।

तर नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांक भने इप्पानको भन्दा फरक छ। सेनाका अनुसार बाढीपछि विभिन्न आयोजनाका सुरुङभित्र करिब १२१ जना मात्रै फसेका छन्। रसुवागढीमा ५, लाङटाङमा ७, चिलिमेमा ७, माथिल्लो त्रिशूली-१ मा करिब ५० र त्रिशूली-३ 'ए'मा करिब ४२ जना सुरुङभित्र रहेको सेनाको अनुमान छ।

सेनाले विभिन्न आयोजनासँग आबद्ध सबै सम्पर्कविहीन व्यक्ति सुरुङभित्रै फसेका छन् भन्ने बुझाइ सही नभएको दाबी गरेको छ।



# बाढीप्रभावित विद्यालयको अवस्था बुझ्न मन्त्रीद्वय स्थलगत अवलोकनमा




काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सनाले बाढीप्रभावित विद्यालयका बारेमा बुझ्न संयुक्त रूपमा स्थलगत अवलोकन गर्नुभएको छ । बाढीप्रभावित विद्यालयको अवस्था बुझ्न मन्त्रीद्वयसहितको टोलीले प्रभावित क्षेत्रमा पुगेर विभिन्न शैक्षिक संस्था तथा पूर्वाधारको स्थलगत अनुगमन गर्नुभएको हो ।

यही भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रको निरीक्षणका क्रममा मन्त्रीद्वयले विद्यालय भवन, शैक्षिक पूर्वाधार तथा विद्यार्थीको शैक्षिक अवस्थाबारे जानकारी लिनुभएको छ । उहाँहरूले प्रभावित क्षेत्रमा स्थानीय तहका प्रमुख, जनप्रतिनिधि तथा सरोकार भएका निकायका प्रतिनिधिसँग अन्तरक्रियासमेत गर्नुभएको छ ।

अनुगमन टोलीमा स्थानीय सरकारका प्रमुख तथा अन्य जनप्रतिनिधिको सहभागिता थियो । भ्रमण कार्यतालिकाअनुसार अनुगमन शिक्षा विकास तथा समन्वय एकाइ, विदुरबाट सुरु भएको थियो । त्यसपछि त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयको पुलवारि क्षेत्रबाट बाढीप्रभावित स्थानको अवलोकन गरिएको थियो ।

टोलीले न्यूरेनी सुन्दरी माध्यमिक विद्यालयस्थित होल्डिङ सेन्टर तथा सामुदायिक बहुउद्देश्यीय भवन, विदुर (नुवाकोट दरबार) को समेत अवलोकन गरेको थियो । कार्यतालिकाअनुसार विदुरस्थित कर्भट हल, चन्द्रज्योति माध्यमिक विद्यालय तथा अन्नपूर्ण पञ्चकन्या आधारभूत विद्यालयको भवनको अनुगमन गरिएको थियो ।

भ्रमणका क्रममा बाढीका कारण शैक्षिक संस्थाका भवन तथा अन्य पूर्वाधारमा परेको क्षति, विद्यालय सञ्चालनको अवस्था र विद्यार्थीको पठनपाठनमा परेको प्रभावबारे स्थलगत जानकारी लिनुका साथै प्रभावित विद्यालय तथा विद्यार्थीको शैक्षिक गतिविधि सहज बनाउन आवश्यक पहल गर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरिएको छ ।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तह प्रभावित भएका छन् । सरकारले ती स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ ।

प्रारम्भिक विवरणअनुसार बाढीबाट रसुवा, नुवाकोट र धादिङका १९ विद्यालय पूर्ण तथा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । बाढीबाट १६ जना शिक्षक र २१७ जना विद्यार्थी सम्पर्कविहीन रहेका छन् भने नौ हजार ७४२ विद्यार्थीको सिकाइ प्रभावित भएको प्रारम्भिक विवरणमा उल्लेख छ । रासस

# मधेशका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त




जनकपुरधाम । मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमणमुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ । त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो ।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताउनुभयो । उहाँका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ ।

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ । वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ । त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो ।

सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ । सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ । काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो ।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी-तस्करी नियन्त्रणमा सफलता मिलेको बताउनुभयो । वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । रासस

# भोटेकोशीमा बाढीः वीरबहादुरको एक कलले बचायो करिब ३० परिवारलाई

गैरीखर्क । माइक्रोबसबाट यात्रु झारेर वीरबहादुर गुरुङ सडक छेउको एउटा चिया पसलमा पस्नुभयो । एक्कासी ठूलोठूलो आवाज उहाँको कानमा आएर ठोक्कियो । यसो बाहिर आएर स्याँफ्रुबेँसीतर्फ के हेर्नुभएको थियो उहाँको होस हवास नै उड्यो । उहाँले जीवनमा कहिल्यै नदेखेको दृश्य देख्नुभयो । भोटेकोशीको बाढीले आकाशै छुन लागेको जस्तो वीरबहादुरलाई आभास भयो । त्यही बाढीको गड्गडाहटले रसुवा सदरमुकाम धुञ्चेलाई थर्कमान बनाएको थियो ।

“भोटेकोशीमा बाढी यति धेरै आएको थियो की पाँच दश-मिनेट मैले केही सोच्नै सकिन”, वीरबहादुरले रासससँग भन्नुभयो, “एकछिनपछि त झल्यास्स सम्झिएँ, लौ मेरो जहान बच्चाहरूलाई बग्नबाट कसरी जोगाउने ।” उहाँले त्रिशूली नदीको बगरमा बसाइएको बजार नुवाकोटको विदुर नगरपालिका-१० भैँसेलाई सम्झिनुभयो । अनी भैँसेस्थित घरमा रहनुभएकी श्रीमती गङ्गालाई फोन गर्नुभयो । “श्रीमतीको फोन मरिकाटे उठ्दैन”, उहाँले सम्झदै भन्नुभयो ।

वीरबहादुरलाई दिमागले काम गर्न छोडे जस्तै भयो । उहाँले तारन्तार फोन गरिरहनुभयो । श्रीमतीको फोन नउठेपछि उहाँले नौ कक्षामा पढ्दै गरेकी छोरी एविकालाई सम्झिनुभयो । उत्तरगया बोर्डिङ स्कुलमा पढ्ने एविका त्यतिबेला विद्यालय जाँदै थिइन् । उनी बुबाको फोन आएपछि बाटोबाटै पाखोतर्फ भागिन् ।

“छोरीले एक कलमै फोन उठाइन्, अनी मैले धुञ्चेबाट देखिरहेको सुनिरहेको दृश्यबारे उनलाई बताएँ”, वीरबहादुरले भन्नुभयो, “एक छिनपछि त श्रीमती र दाजु (रमेश) ले पनि फोन उठाउनुभयो ।” उहाँकी श्रीमती गङ्गा तामाङ गुरुङ त्यति बेला खेतमा हुनुहुन्थ्यो । उहाँ घर पुग्दासम्म रमेशले ७१ वर्षीया सासु साइली र दुई वर्षको छोरोलाई घरमाथिको पाखोमा पुऱ्याइसक्नुभएको थियो ।

वीरबहादुरको आफ्नै माइक्रोबस छ । उहाँ आफैँले त्यही माइक्रोबस बेत्रावतीबाट काठकाडौँको मार्गमा चलाउने गर्नुहुन्छ । बाढी आएको दिन भने उहाँ धार्मीकस्थल गोसाइँकुण्ड जाने १० यात्रु लगेर बिहानै धुञ्चे उक्लिनुभएको थियो । उहाँका अनुसार यात्रुहरू सबै धादिङका थिए । उहाँहरूले वीरबहादुरको माइक्रोबस भाडामा लिएर त्यसतर्फ गएका थिए ।

“भाग्य बलियो रहेछ, त्यही भएर बाँचेँ”, वीरबहादुरले भन्नुभयो । अरु बेला हुन्थ्यो भने उहाँको बिहानको समय काठमाडौँका लागि यात्रु खोज्नमै त्यही बेत्रावती र भैँसे वरपर बित्थ्यो । त्यसदिन गोसाइँकुण्ड जाने दर्शनार्थीका कारण वीरबहादुर बाढीको चपेटामा पर्नुभएन् । “अरु दिन हुन्थ्यो भने म मात्र होइन्, परिवार नै बाढीमा बग्थ्यो”, उहाँले भन्नुभयो, “धुन्चेमा भएर बेलैमा भोटेकोशीको बाढीबारे थाहा पाएँ, मेरो एक कल फोनले परिवार र छरछिमेक मात्र होइन्, टोलकै बासिन्दालाई बचाउन सकेँ ।” मानिस सुरक्षित भए पनि टोलका कुनै घर बाँकी नरहेका उहाँले बताउनुभयो । सबै भोटेकोशीको बाढीमा विलय भएका छन् ।



पाँच जनाको परिवार बाढीबाट जोगिएकामा वीरबहादुर औधी खुसी हुनुहुन्छ । उहाँले भन्नुभयो, “सम्पत्ति त फेरि फेरि पनि जोड्न सकिएला, जीवन त कहाँ पाउनु ?” श्रीमान् वीरबहादुरको फोनले धेरैको ज्यान बचाउन सकिएमा गङ्गा पनि खुसी हुनुहुन्छ । “खेतबाट निकै बेरसम्म बाढी आयो भनेर चिच्याएँ, धेरैले त सुरुआतमा विश्वासै गरेनन्”, उहाँले भन्नुभयो, “टिमुरे र स्याँफ्रुबेँसी पूरै बगायो भनेपछि सबै भाग्न थाले ।” उहाँले चिन्तित हुँदै दुःखले जोडेको करिब १० तोला सुन र रु १४ लाख भने बाढीबाट जोगाउन नसकेको बताउनुभयो । उहाँले केही वर्षअघि लाखौँ रुपैयाँ खचेर एक तले पक्की घर बनाउनुभएको थियो । तत्काल एक तला थप्ने सोचमा हुनुहुन्थ्यो उहाँ ।

“गहना र पैसा लिएरै भाग्न खोजेको भए परिवारै बग्थ्यो”, गङ्गाले भन्नुभयो, “तर, मैले त्यसलाई आफ्नो ज्यान र छोराछोरीभन्दा प्यारो ठानीन, त्यसैले त आज नयाँ जीवन पाएँ ।” गरगहना र पैसा जोगाउन खोज्दा धेरैले ज्यान गुमाएका उहाँको अनुभव छ । भैँसेमा पनि सुन र नगद घरबाट निकाल्न खोज्दा कतिलाई बाढीले बगाएको उहाँले बताउनुभयो ।

आफ्नो र वीरबहादुरको सहित १० जनाको परिवार मात्र होइन आफू बस्दै आएको टोलका करिब ३० परिवारलाई भाइको एक कलले बाढीबाट जोगाउन सकिएको दाजु रमेश गुरुङले जानकारी दिनुभयो । उहाँले भैँसेमा खानाखाजाको पसल सञ्चालन गर्दै आउनुभएको थियो । उहाँको व्यापार राम्रै चलेको थियो । त्यसबेला रसुवागढी नाका किनमेल गर्न, कैलाश मानसरोवर तथा गोसाइँकुण्ड तीर्थाटन गर्न जानेहरूको निकै भीडभाड थियो । रमेशलाई बिहानदेखि रातिसम्म एकछिन फुर्सद हुँदैनथ्यो ।

“पसलमा धेरै ग्राहक आएका थिए, खाना बनाउँदै थिएँ, एक्कासी भाइको फोन आयो । सबैलाई बाढी आयो भन्दै भाग्न भनेँ”, रमेहले त्यो क्षण सम्झिदै भन्नुभयो, “धेरैले विश्वास नै गरेनन्, विश्वास नगर्नेहरूलाई बाढीले बगायो ।” बाढी भैँसे पुग्दासम्म रमेश चिच्याइरहनुभयो । वीरबहादुरले धुञ्चेबाट फोन गरेपछि बाढी भैँसे पुग्न करिब आधा घण्टा जति लागेको उहाँको ठम्याइ छ ।

ज्यान जोगाउन त्यो पर्याप्त समय रहेको रमेशले बताउनुभयो । समय सदुपयोग भने आफ्नो कुरा पत्याउनेको हकमा मात्रै लागू भएको उहाँले अनुभव सुनाउनुभयो । अन्यत्रभन्दा भैँसेमा मानवीय क्षति कम भएको रमेशले बताउनुभयो । तर बाढीबाट ज्यान गुमाउनेको एकीन तथ्याङ्क उहाँसँग पनि छैन । “बाँचेकाहरूसँग पनि यसबीचमा थोरै जनासँग भेट भएको छ, अरु त को कता भागे अत्तोपत्तो छैन ।”

रमेशले भैँसेमा झण्डै रु एक करोड लगानीमा घर बनाउनुभएको थियो । त्यसैमा खानाखाजाको पसल चलाउँदै आउनुभएको थियो । “अहिले व्यापारको याम हो, दैनिक रु २०-२५ हजारको कारोबार हुन्थ्यो”, उहाँले भन्नुभयो, “यो यामको तीन-चार महिनाको कमाइले वर्षभरि खान, लगाउन र छोराछोरी पढाउन पुगेको थियो । झण्डै रु ४० लाख जति घर बनाउँदाको ऋण बाँकी नै थियो ।”

रमेशको जेठो छोरा काठमाडौँमा पढ्नुहुन्छ । अर्को छोरा भैँसेमा चण्डेश्वरी माविमा पढ्नुहुन्छ । विद्यालय गएको छोरालाई उहाँले झण्डै चार घण्टापछि मात्र भेट्टाउनुभयो । “स्कुलकै साथीहरूसँग भागेको रहेछ, बाढीले बगायो की भन्ने चिन्तामै थिएँ, पछि त सम्पर्कमा आयो”, उहाँले भन्नुभयो । श्रीमतीले मोबाइल लिन घरभित्र पस्न खोजे पनि आफूले जान नदिँदा ज्यान जोगिएको रमेशले बताउनुभयो ।

वीरबहादुर र रमेशको परिवार पनि यतिबेला शोकमा डुबेको छ । उहाँहरूको परिवारको एक सदस्य तेराना तामाङलाई भने बाढीले बगायो । उहाँ त्रिशूली अस्पतालमा नर्स हुनुहुन्थ्यो । तर अघिल्लो राति उहाँ शोलेस्थित घर जानुभएको थियो । अर्को बिहान घरबाट अस्पताल पुग्नै पाउनुभएन । “सबै शोकमा छन्, एकले अर्कोलाई हेरेर चित्त बुझाउनु परिरहेको छ”, रमेशले भन्नुभयो ।

यही भदौ १० गते भोटेकोशीमा बाढी गएपछि नुवाकोटको अति प्रभावित क्षेत्र भैँसेका १५० जना विस्थापितलाई नजिकैको सुरक्षित स्थानमा होल्डिङ सेन्टरमा राखिएको रमेशले बताउनुभयो । उहाँसहित छ परिवार भने भैँसेमाथिको गैरीखर्कमा आफन्त कहाँ आश्रय लिएर बसेको छ । सरकारले विस्थापितलाई राहत सामग्री उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो ।

“म दिनहुँ होल्डिङ सेन्टरमा गइरहन्छु, खानेकुराको कुनै कमी छैन, विभिन्न निकायले दैनिक राहत सामग्री दिइरहका छन्”, रमेशले भन्नुभयो, “यसरी लामो समयसम्म बस्न सकिने अवस्था छैन, सरकारले उचित बसोबासको व्यवस्था गरिदिए हुन्थ्यो, पानी निरन्तर परिरहेकाले बास बस्नेलाई समस्या छ ।” बाढीका कारण विस्थापित भएकाहरूलाई मुख्यतया छोराछोरीको पढाइको चिन्ताले सताएको उहाँको भनाइ छ । बालबालिका, महिला, परिवारका सदस्य गुमाएकालगायत विस्थापित सबैलाई मनोपरामर्शको खाँचो देखिएको उहाँले बताउनुभयो ।

विदुर नगरपालिका-१० का वडाध्यक्ष गणेशकुमार नेपालले बाढीबाट आफ्नो वडा अत्यधिक प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार सो वडामा बाढीबाट २५६ परिवारका एक हजार २०० जना प्रभावित भएका जानकारी दिनुभयो । उहाँका अनुसार बाढीमा परेर २३९ जना बेपत्ता भएका छन् ।

वडाध्यक्ष नेपालले विस्थापित भएकाहरूलाई गेल्फुटारस्थित सुन्दरीकेउरिनी माविमा राखिएको छ । बाढीमा परेर स्थानीय उत्तरगया बोर्डिङ स्कुलका अनुमानित २०० विद्यार्थी बेपत्ता भएका उहाँले बताउनुभयो । उहाँका अनुसार बेपत्ताको तथ्याङ्क सङ्कलन भइरहेको छ ।

प्रभावित विद्यार्थीलाई नजिकका सुरक्षित विद्यालयमा पढ्न पठाउन उहाँहरूका अभिभावकलाई सुझाव दिइएको वडाध्यक्ष नेपालले बताउनुभयो । विदुर नगरपालिकाले बाढी विस्थापित प्रत्येक परिवारलाई तत्कालका लागि रु १० हजार उपलब्ध गराउने निर्णय गरेको उहाँले उल्लेख गर्नुभयो । विभिन्न सङ्घसंस्था तथा अन्य निकायले पनि आर्थिक सहयोग गरिरहनुभएको भन्दै उहाँले सबैप्रति आभार व्यक्त गर्नुभयो ।

सरकारले बसोबासका लागि उचित व्यवस्था नगर्दासम्म सो वडाका विस्थापितलाई सुरक्षित स्थानमा बसोबास गर्न सुझाव दिँदै वडाध्यक्ष नेपालले त्यसका लागि आर्थिक अभाव हुन नदिने प्रतिवद्धता व्यक्त गनुभयो । रासस

## भोटेकोशी बाढीका कारण गत्लाङका किसान थप चिन्तित

रसुवा । रसुवामा गएको बाढीले सडक सञ्जाल बगाएपछि गत्लाङका बन्दागोभी किसान चिन्तित भएका छन् । तरकारीको व्यावसायिक खती गर्दै आएका आमाछोदिङमो गाउँपालिका-व ३ गत्लाङका करिब ५०० घरधुरीका किसानलाई सडक सञ्जालको अभावमा तयार हुनलागेको बन्दागोभी बेच्न नपाइएलाकी भन्ने चिन्ताले सताएको अग्रज कृषक मार लामाले जानकारी दिनुभयो ।

उहाँका अनुसार नमूना वस्तीका रूपमा परिचित गत्लाङमा गतवर्ष एक हजार ६५० ट्रक बन्दागोभी बिक्री भएकामा यसवर्ष बढी दुई हजार १०० टन उत्पादन अनुमान गरिएको छ ।

बन्दागोभी उत्पादनका लागि प्रख्यात सो तामाङ वस्तीको आयआर्जनको स्रोत तरकारी खेती रहेको बताउँदै उहाँले भन्नुभयो, “अबको १५-२० दिनभित्र फसल तयार हुन्छ । त्यो बेलासम्म बाटो तयार हुँदैनकी भन्ने चिन्तामा छौँ । बन्दागोभी बेच्न नपाए हातमुख जोड्न गाह्रो छ । बाटो निर्माणतर्फ सरकारको ध्यान जाओस् ।”

सो गाउँपालिकाका उपाध्यक्ष चण्डीका तामाङले प्रकृतिले ठगेको रसुवा जिल्लाको उर्वर भूमि गत्लाङमा यस वर्ष बन्दागोभी खेती लोभलाग्दो रहेको बतउँदै बाटो अभावका कारण समयमै फसल बजारसम्म पुर्याउन नसक्दा भौके बस्न पर्नेहोकी भनी चिन्ता व्यक्त गर्नुभयो । उहाँले खाद्यन्न मात्र नभइ नुन-तेल, मरमसला, शिक्षा-स्वास्थ्य, बैङ्क कर्जालगायत सम्पूर्ण आर्थिक कारोबारको स्रोत रहेको गत्लाङको बन्दागोभी बिकेन भने बाढीसँगै अर्को विपत्तिको सामना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | रोकिएका काम अघि बढ्ने संकेत छ। |
| वृष : | मेहनतको राम्रो परिणाम प्राप्त हुने दिन हो। |
| मिथुन : | नयाँ व्यक्ति वा नयाँ अवसरसंग भेट हुन सक्छ। |
| कर्कट : | मनमा रहेका केही चिन्ता हट्दै जानेछन्। आर्थिक लाभको सम्भावना रहेको छ। |
| सिंह : | काममा प्रतिस्पर्धीहरुलाई पछि पार्ने सम्भावना छ। |
| कन्या : | योजना बनाएर अघि बढ्दा ठुलो उपलब्धि हात लाग्न सक्छ। |
| तुला : | तपाईको पक्षमा परिस्थिति बन्दै जानेछ । |
| वृश्चिक : | तपाईले गरेको एउटा महत्वपूर्ण निर्णयले दिशा बदल्न सक्छ। |
| धनु : | टाढाको यात्रा वा नयाँ ठाउँसंग सम्बन्धित काम बन्न सक्छ। |
| मकर : | जिम्मेवारी बढे पनि त्यसलाई सफलतापूर्वक पूरा गर्न सक्नु हुनेछ। |
| कुम्भ: | नयाँ सोच र सिर्जनात्मकताले तपाईलाई अरुभन्दा अगाडि पुऱ्याउन सक्छ। |
| मीन: | आफ्नो अन्तर्ज्ञानमा विश्वास गरेर अघि बढ्नुहोस्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एनसेलले बाढी प्रभावित क्षेत्रमा सञ्चार सेवा उपलब्ध गराउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । एनसेलले रसुवाको भोटेकोशीनदीमा आएको बाढी प्रभावित क्षेत्रमा हाल भइरहेको खोज, उद्धार र राहत कार्यलाई सहज बनाउन तथा आपत्कालीन अवस्थामा समेत सञ्चार अवरुद्ध नहोस् भन्ने उद्देश्यले स्याटलाइट प्रविधिमा आधारित इन्टरनेट सेवा उपलब्ध गराउन थालेको छ ।

युटेलस्याटको लो अर्थ अर्बिट स्याटलाइटबाट सञ्चालित उपकरणहरू एनसेलले उद्धार, राहत र पुनर्स्थापना प्रयासमा संलग्न सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरी पहिचान गरिएका महत्त्वपूर्ण र आवश्यक स्थानहरूमा जडान गरिरहेको छ । यो प्रविधिले सञ्चार सञ्जाल अवरुद्ध भएको बेला समेत स्याटलाइट मार्फत इन्टरनेट सेवा प्रदान गरिरहेछ ।

बाढी प्रभावित समुदाय, होल्डिङसेन्टर र राहत वितरण केन्द्र, अस्थायी शिविर, आपत्कालीन कार्य हुने स्थान लगायतका क्षेत्रमा यो प्रविधिले हालको अवस्थामा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्नेछ । हालसम्म यो प्रविधि मार्फत नुवाकोटका तीन महत्त्वपूर्ण स्थानमा सेवा उपलब्ध गराइएको छ भने बाढी प्रभावित अन्य स्थानमा जडान गर्ने कार्य जारी छ ।

सो प्रविधिमा जमिनमा जडान गरिएको उपकरणले स्याटलाइटबाट इन्टरनेट सिग्नल प्राप्त गर्दछ । त्यसपछि उक्त उपकरणले वरपरका क्षेत्रमा एक अर्को उपकरणमार्फत वाईफाई सेवा उपलब्ध गराउँछ । साधारण इन्टरनेट र मोबाइल सेवा उपलब्ध नभए पनि यो प्रविधिले इन्टरनेट सेवा दिने जनाइएको छ ।

यो प्रविधिले उच्च-गति र लो लेटेन्सी कनेक्टिभिटी प्रदान गर्दछ जसको अर्थ मानिसहरूले यसलाई सन्देश आदानप्रदान, इन्टरनेट-आधारित कल, महत्त्वपूर्ण जानकारी पहुँच, ब्राउजिङ र राहत प्रयासहरूको समन्वयका लागि प्रयोग गर्न सकिने एनसेलले जनाएको छ ।

"हामीले सडक पूर्वाधार र सञ्चार सेवा गम्भीर रूपमा प्रभावित भएको नुवाकोटको तीन स्थानमा स्याटलाइट सञ्चार पहुँच स्थापना गरेका छौं। यसले उद्धार तथा राहत कार्यलाई सहज बनाउनुका साथै प्रभावित स्थानीय वासीलाई यो कठिन समयमा सम्पर्कमा रहन मद्दत गर्नेछ," एनसेलका प्रमुख कर्पोरेट तथा नियामक अधिकृत डिल्ली राम श्रेष्ठले भने ।

पहिलो दिनदेखि नै एनसेलले बाढी प्रभावित क्षेत्रका ३ लाख भन्दा बढी प्रभावित ग्राहकहरूलाई हरेक दिन निःशुल्क भ्वाइस, डाटा र एसएमएस सेवा प्रदान गर्दै आएको छ। कम्पनीले एनसेल फाउन्डेसन मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उद्धार, राहत र पुनर्स्थापना कार्यका लागि १ करोड रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

# वन क्षेत्र अतिक्रमणमुक्त अभियानमा तीव्रता

**टुडे समाचारदाता**

जनकपुरधाम । अतिक्रमित वन क्षेत्रलाई अतिक्रमणमुक्त अभियानलाई मधेश प्रदेश सरकारले तिव्रता दिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ ।



वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको जनाइएको छ ।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताएका छन् । उनका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाइएको हो ।

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिए । चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ । वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ । त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताए। सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ। सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ । काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीको भनाई छ ।

# विपतमा परेकालाई तत्काल संरक्षण गर्न माग



**टुडे समाचादाता**

कपिलवस्तु । प्राकृतिक विपत्तिबाट सहाराविहीन भएका नागरिकको संरक्षण तत्काल राज्य पक्षले गर्नुपर्ने जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले माग गरेका छन् ।

जसपा नेपालको जिल्ला समितिद्वारा मंगलबार आयोजित अभिमुखीकरण कार्यक्रममा अध्यक्ष यादवले बाढीपीडित तथा विपत्तिबाट प्रभावित नागरिकलाई तत्काल राहतसँगै दीर्घकालीन पुनर्स्थापना र संरक्षणको जिम्मेवारी सरकारले लिनुपर्नेमा जोड दिए ।

ठूला देशले गरेका गल्तीको असर नेपाल जस्ता साना देशले बेहोर्नुपरेको उल्लेख गर्दै अध्यक्ष यादवले पीडितका पक्षमा न्याय र क्षतिपूर्तिका लागि अन्तरराष्ट्रिय तहमा आवाज उठाउनुपर्ने बताए ।

यसका लागि संयुक्त राष्ट्रसङ्घमा नेपालले जोडदार रूपमा आफ्नो धारणा राख्नुपर्ने उनले माग गरे । कार्याक्रममा जसपा नेपालका जिल्ला तथा स्थानीय तहका नेता तथा अगुवा कार्यकर्ताको सहभागिता रहेको थियो ।

# जउवा संघले राहत सामाग्री प्रभावित क्षेत्रमा पठाए

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवा बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले जनकपुरधाम उद्योग वाणिज्य संघले संकलन गरेका ठूलो परिमाणको राहत सामग्री संकलन प्रभावित क्षेत्रमा पठाएको छ ।



संघले व्यवसायी, उद्योगी तथा विभिन्न संघसंस्थाको सहयोगमा संकलन गरिएका कपडा, खाद्यान्न, भाँडाकुँडा, सरसफाइ सामग्रीलगायतका सामग्री बाढीपीडितसम्म मंगलवार एक कार्यक्रमका बीच ती सामाग्रीहरु सार्वजनिक गरी पठाएको हो ।

संघका अनुसार संकलित राहत सामग्रीमा १ हजार ३ सय ७० थान लेडिज सुट, १ हजार ४ सय ४४ थान साडी, ७ सय ६५ थान बालबालिकाका कपडा, ४ सय ६५ थान जिन्स पेन्ट, १ हजार ८ सय ५२ थान जेन्स सेट, ३ सय २२ थान लेडिज कुर्ती तथा १ हजार ३ सय ४४ थान ट्र्याकसुटलगायत लत्ताकपडा रहेका छन् ।

त्यसैगरी ३ सय २५ थान बालबालिकाका जुत्ता, २ सय ५८ थान लेडिज जुत्ता, १ सय ६१ थान लेडिज चप्पल, ४ सय ५६ थान प्लास्टिक चप्पल, २ सय १० थान टावेल तथा अन्तर्वस्त्र र अन्य कपडा तथा जुत्ताचप्पलसमेत संकलन गरिएको संघले जनाएको छ ।

खाद्यान्नतर्फ ७५ बोरा चामल, २१ बोरा सोयाबिन, एक बोरा दाल, चार बोरा नुन, ४१ बोरा चुरा, २८ बोरा मुरही तथा ३१ कार्टुन चाउचाउ संकलन गरिएको छ। यस्तै तीन बोरा डायपर, तीन बोरा स्टेपरी, एक कार्टुन चियापत्ती र अन्य आवश्यक सामग्री पनि राहतका रूपमा संकलन गरिएको छ।

बाढीपीडितका लागि खाना पकाउन तथा दैनिक प्रयोगमा सहज होस् भन्ने उद्देश्यले ७५ थान तावा, ७५ थान कराही, २ सय थान थाली, २ सय थान कचौरा, २ सय थान गिलास, २ सय थान सानो कचौरा र २ सय थान ठूलो कचौरासमेत उपलब्ध गराइएको छ ।

सरसफाइका लागि ३२ थान फिनेल, १५ थान ट्वाइलेट ब्रस र ३४ थान हरपिक्स पनि संकलन गरिएको छ । एक थान सिलाई मेसिनसमेत राहत सामग्रीमा रहेको संघले जनाएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघका सचिव नरेन्द्र विक्रम साह 'निरज'ले विपद्को समयमा व्यवसायी तथा निजी क्षेत्रले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै पीडितको साथमा उभिनुपर्ने बताए ।

उनले राहत संकलन अभियानमा उद्योगी, व्यवसायी, संघसंस्था तथा सर्वसाधारणबाट उत्साहजनक सहयोग प्राप्त भएको उल्लेख गर्दै संकलित सामग्री वास्तविक पीडितसम्म पारदर्शी र व्यवस्थित ढंगले पुर्याउन संघ प्रतिबद्ध रहेको बताए ।

'विपद्को समयमा सहयोगको आकारभन्दा पीडितप्रतिको भावना महत्वपूर्ण हुन्छ । व्यवसायी तथा संघसंस्थाले आफ्नो क्षमताअनुसार गरेको सहयोगले विपद्मा परेका परिवारलाई तत्काल राहत दिन ठूलो भूमिका खेल्छ,' सचिव साहले भने ।उनका अनुसार संकलन अभियान राहत वितरणमा मात्र सीमित नराखी विपद्बाट प्रभावित परिवारलाई आवश्यकताका आधारमा सहयोग पुर्याउने उद्देश्यले अघि बढाइएको हो । उनले अभियानमा सहयोग गर्ने सम्पूर्ण उद्योगी, व्यवसायी, संघसंस्था तथा सहयोगी हातहरूप्रति जउवासंघले आभार व्यक्त गरेका छन् ।

# बाढीपीडितलाई मेडिकल कलेजद्वारा ७५ लाख रुपैयाँ सहयोग

**टुडे समाचारदाता**

वीरगञ्ज । रसुवा जिल्लामा हालै आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले वीरगञ्जस्थित नेशनल मेडिकल कलेज प्रा.लि र काठमाडौंस्थित नेपाल मेडिकल कलेज प्रा.लिले संयुक्त रूपमा रु. ७५ लाख सहयोग प्रदान गरेका छन् ।




नेपाल मेडिकल कलेज परिवार र नेशनल मेडिकल कलेज परिवारको संयुक्त योगदानस्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष (बाढी राहत) मा रु. ७५ लाख जम्मा गरिएको जनाइएको छ ।

रसुवामा बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित परिवार तथा समुदायलाई राहत, उद्धार र आवश्यक मानवीय सहायता उपलब्ध गराउन सघाउने उद्देश्यले उक्त आर्थिक सहयोग प्रदान गरिएको संस्थाहरूले जनाएका छन् ।

स्वास्थ्य सेवामा निरन्तर समर्पित दुवै संस्थाले विपद्को कठिन घडीमा आफ्नो सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै रसुवाका प्रभावित नागरिकहरूको साथमा उभिने प्रतिबद्धता व्यक्त गरेका छन्। उनीहरूको संयुक्त योगदानले राहत वितरण, उद्धार कार्य तथा पुनःस्थापनाका प्रयासलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मानवीय सेवाको भावनाबाट प्रेरित यस सहयोगले विपद्को समयमा स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी तथा समुदायबीचको एकता, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना अझ सुदृढ बनाउने विश्वास गरिएको छ ।

नेशनल मेडिकल कलेज, वीरगञ्ज र नेपाल मेडिकल कलेज, काठमाडौंले आगामी दिनहरूमा पनि रसुवासहित देशका विभिन्न क्षेत्रमा विपद्को असरबाट प्रभावित नागरिकहरूको आवश्यकता र परिस्थितिअनुसार मानवीय तथा सामाजिक सेवामूलक कार्यमा आफ्नो सहयोग र योगदानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# १५ लाख बढीको अवैध सामान बरामद

**टुडे समाचारदाता**

लहान । सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाले जिल्लाका विभिन्न सीमा क्षेत्रमा निगरानी तथा गस्तीलाई कडाइ गर्दै १५ लाख ५६ हजार ५ सय ७५ रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ ।



जिल्लाका विभिन्न सीमा इलाकाबाट नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ अवैध रूपमा ल्याउँदै गरेको अवस्थामा लत्ताकपडा, मोटरसाइकल, किराना सामान, सुर्ती, बीउबिजन, कस्मेटिक सामग्री, पेय पदार्थ, मदिरा तथा इन्धन एसपी सुमनजंग थापाको नेतृत्वमा खटिएका टोलीले बरामद गरेको छ ।

त्यस्तै, सीसी क्यामेरा, मनिटर, हार्डड्राइभ, कीटनाशक विषादी र पानी तान्ने मोटर लगायतका सामानसमेत बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ। बरामद गरिएका सामानको कुल मूल्य रु। १५ लाख ५६ हजार ५ सय ७५ रहेको छ ।

बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा नियमानुसार दाखिला गरिएको नं। ७ गण हेडक्वार्टर सिरहाले जनाएको छ। एसपी सुमनजंग थापाको कमाण्डमा सीमा क्षेत्रमा अवैध ओसारपसार नियन्त्रणका लागि निगरानी, गस्ती तथा चेकजाँचलाई थप प्रभावकारी बनाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# ब्राउनसुगरसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले लागूऔषध ब्राउन सुगरसहित दुई युवकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका-२ स्थित छोट्की टोलमा खटिएको स्वीप अप्रेसन टोलीले मोटरसाइकल रोकेर चेकजाँच गर्ने क्रममा उनीहरूलाई लागूऔषधसहित नियन्त्रणमा लिएको हो ।

प्रहरीले प्रदेश ३-०२-०१३ प ६४१२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूको साथबाट १६ ग्राम १४० मिलिग्राम ब्राउन सुगर बरामद गरेको जनाएको छ ।

# नेकपा नेता यादव पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । एसपीलाई गाली गलौज गरेको दुई वर्ष अघिको घटनाको आरोपमा नेकपाका नेता अशोक यादव पक्राउ परेका छन् । मधेश प्रदेशका डीआईजी ओम अधिकारीले यादवलाई पक्राउ गरिएको पुष्टि गरेका छन् । यादव पक्राउ पर्नुको कारण भने जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन एसपी योगेन्द्रकुमार खड्कालाई धम्क्याएको आरोप छ ।



यो घटना २०८२ असारको हो । यादवले टेलिफोनमा अपशब्द प्रयोग गर्दै एसपी खड्कालाई तराइमा लुट्न आएको लुटेरा भन्दै धम्क्याएको अडिओ सामाजिक सञ्जालमा भाइरल बनेको थियो । त्यसपछि प्रहरीले खोजी गर्दा उनी फरार भएका थिए । अहिले भने उनी पक्राउ परेको डीआईजी अधिकारीले बताए ।


घटना २०८२ साल असारको हो । त्यसबेला यादवले टेलिफोनमार्फत एसपी खड्कालाई अपशब्द प्रयोग गर्दै 'तराईमा लुट्न आएको लुटेरा' भन्दै धम्की दिएको भनिएको अडिओ सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।

अडिओ सार्वजनिक भएपछि प्रहरीले यादवको खोजी थालेको थियो । त्यसक्रममा उनी फरार रहेको प्रहरीको भनाइ थियो । लामो समयपछि प्रहरीले उनलाई पक्राउ गरेको डीआईजी अधिकारीले जानकारी दिए ।

प्रहरीका अनुसार धम्की दिएको समयमा यादव जनता समाजवादी पार्टी (जसपा)मा आबद्ध थिए । पछिल्लो समय भने उनी नेकपामा प्रवेश गरिसकेका छन् ।

यादवमाथि लागेको आरोपबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पक्राउपछि उनलाई कानुनी प्रक्रियाअनुसार अनुसन्धान तथा कारबाही अघि बढाइने प्रहरीले जनाएको छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आफ्नो जग्गा छुट्याउ

गुठी संस्थान धनुषाले मातहतको पोखरीहरुको अतिक्रमणमुक्त गर्ने अभियान चलाएको छ । गुठीको अभियान सकारात्मक छ । तर गुठी संस्थानले आफ्नो मातहतको पोखरीको क्षेत्रफल यकिन गरी छुट्याउने हो । व्यक्तिको जग्गा नाप्ने र छुट्याउने काम गुठीको होइन । तर गुठीले मातहतको जग्गालाई नापजाँच नगरी व्यक्तिगत जग्गाको नापजाँच गरी अतिक्रमण गरेको आरोप लगाउनु उपयुक्त होइन । गुठी संस्थानले सार्वजनिक गरेको सूचनामा पोखरी तथा पोखरीको डिल परिसरमा विभिन्न व्यक्ति तथा संस्थाहरुले अनाधिकृत रुपमा अतिक्रमण गरी संरचना समेत बनाइ भोगचलन गरी आएको देखिएको हुँदा सात दिन भित्र हटाउन हुन सार्वजनिक सूचना प्रकाशित गरिएको उल्लेख छ। तर गुठी संस्थानले केही व्यक्तिहरुको स्वार्थ पूरा गर्न मातहतको पोखरी र जग्गाको नाप नगरी व्यक्तिको जग्गा अनधिकृत रुपमा नाप गरी अतिक्रमण गरेको ठहर गर्नु न्यायोचित होइन । गुठीले व्यक्ति लक्षित कार्य गरिरहेकोले व्यापक विरोध हुन थालेको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष रामकुमार शर्माले अतिक्रमित जग्गा हटाउने कार्यको नेतृत्व गरेका थिए । उनले उनले पनि व्यक्ति लक्षित कार्य गर्न थालेपछि अभियान असफल भएको थियो । शर्माले जनकपुरधामको बजार भित्रको धेरै जग्गा अतिक्रमणमुक्त गराएको दाबी अझै गरिरहेका छन् । तर ती मुक्त गराइएको भनिएको जग्गामा हाल अन्यले कब्जा गरी बसेको छ । गुठी संस्थानले स्वतन्त्र र निष्पक्ष रुपमा कार्य नगरे अपेक्षित परिणाम हासिल हुन सक्दैन । गुठीको जग्गा अतिक्रमण गराउनेमा गुठीका हाकिम, कर्मचारी, मठमन्दिरका सन्तमहन्तहरु नै हुन् । गुठी अथवा मठमन्दिरको जग्गामा बास गरेका अथवा अन्य प्रक्रियाबाट उपभोग गरिरहेकाहरुले गुठीका हाकिम, कर्मचारी, मठमन्दिरका सन्त, महन्थतरुलाई पर्याप्त मात्रामा रकम बुझाएका छन् । गुठी संस्थानले आफ्नो स्वामित्वमा रहेको जग्गामा घर बनाउन लगाउने, अवैध रुपमा भोगचलन गर्न दिने लगायतमा दोषी देखिनेहरुलाई समेत कारबाही हुनुपर्छ । विपन्नहरुले घर बनाएर बसेका जग्गाहरु खाली गर्ने तर पोखरी नै पुरेर घर बनाउनेहरुलाई संरक्षण गर्ने कार्य गुठीले तत्काल बन्द गर्नुपर्छ । गुठी संस्थान सरकारी स्वामित्वमा रहेपनि स्वायत संस्था हो । कुनै व्यक्तिको निर्देशनमा कार्य गर्न गुठीलाई मिल्दैन । विभेदपूर्ण कार्य गरे गुठीको अभियान बाधित हुनसक्छ । सामाजिक रुपमा गुठीको कृयाकलापप्रति आक्रोश बढदो छ ।समयमै गुठीले निष्पक्ष भएर काम गर्ने निर्णय लिन आवश्यक छ । गुठी संस्थानले पोखरी, मठमन्दिर, ऐलानीलगायतको सम्पूर्ण जग्गा छुट्याउनु पर्छ । गुठी संस्थानले कुनै पनि जग्गा बहालमा दिँदा अनिवार्य रुपमा सूचना प्रकाशन गर्नुपर्छ । तर त्यसो नगरी गोप्य रुपमा जग्गा बहालमा लगाइएको देखिन्छ । कारबाहीको दायरामा त्यस्ता जग्गाहरु पनि पर्नुपर्छ ।

# त्रेतायुगदेखि अविरल बगिरहेको मिथिलाको पवित्र धारा – दुग्धमति



प्रफुल्ल घिमिरे

जब स्नान गर्न पुगे, मनै खिन्न भयो…

मंगलबार बिहानै ७ बजे तिर दुग्धमती नदीमा स्नान गर्न गएँको थिए। पवित्र नदीमा स्नान गरेर मनमा शान्ति, आनन्द र आध्यात्मिक अनुभूति लिएर फर्किने अपेक्षा थियो। तर घाटमा पुगेपछि मनमा शान्तिभन्दा पीडा भरिएर आयो। जुन नदीलाई हामी पुस्तौँदेखि पवित्र मान्दै आएका छौँ, जसको जलमा स्नान गर्दा पुण्य प्राप्त हुने विश्वास गर्छौं, जसको किनारमा देवकार्य, पितृकार्य र धार्मिक अनुष्ठान हुँदै आएका छन्, त्यही नदीको घाट र आसपास फोहोर, दुर्गन्ध र अस्तव्यस्त अवस्थामा देख्दा मनै खिन्न भएर आयो। नदीमा स्नान गर्न गएको मानिसले नदीको पवित्रता अनुभूति गर्नुपर्ने हो, तर त्यहाँ उभिँदा हामीले आफ्नो धार्मिक र सांस्कृतिक सम्पदाप्रति कति अन्याय गरिरहेका छौँ भन्ने अनुभूति भयो। केही दशकअघिसम्म दूधजस्तै निर्मल पानी बग्ने गरेको स्थानीय बुढापाकाको सम्झना छ; अहिले फोहोरमैला, प्लास्टिक, ढल र अतिक्रमणका कारण नदीको स्वरूप खुम्चिँदै गएको छ।

दुग्धमती मेरो लागि मात्र सम्झिएको नदी होइन। यसको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका विषयमा मैले यसअघि पनि लेख, सामाजिक सञ्जालमार्फत लेख्दै आएको छु। दुग्धमतीको इतिहास पढ्दा वा यसको किनारमा उभिँदा जनकपुरधाम मात्र देखिँदैन, आँखाअगाडि त्रेतायुगीन मिथिला उभिएको अनुभूति हुन्छ। राजा जनकको मिथिला, माता सीताको बाल्यकाल, रामायणकालीन सभ्यता र त्यसबेलाको प्राकृतिक वातावरणसँग जोडिएको एउटा पवित्र धारा आज पनि हाम्रो बीचमा बगिरहेको छ भन्ने धार्मिक विश्वासले दुग्धमतीलाई सामान्य नदीभन्दा धेरै माथि उठाएको छ।

धार्मिक मान्यताअनुसार राजा जनककी छोरी बालिका सीतालाई दूध खुवाउन कामधेनु गाईको स्वरुपमा पृथ्वी माता स्वयं आएकी थिइन। कामधेनुको दूधको धारा र त्यसबाट बनेको पवित्र प्रवाहसँग दुग्धमतीको उत्पत्तिको कथा जोडिएको छ। विभिन्न धार्मिक शास्त्र , साहित्य ,परम्पराले यही विश्वासलाई दुग्धमतीको नाम र उत्पत्तिसँग जोडिएको पाइन्छ। यसको ऐतिहासिक तथा धार्मिक महत्त्व मिथिला माहात्म्यसँग समेत उल्लेख रहेको छ।

त्यसैले ‘दुग्धमती’ नाम आफैँमा एउटा कथा हो, एउटा आस्था हो, एउटा सभ्यताको स्मृति हो। मंगलबार हामीले नदीको पानीमा पानीको धार मात्र देखिरहेका हुन सक्छौँ, तर मिथिलाको धार्मिक चेतनाले यसमा माता जानकीको बाल्यकाल, कामधेनुको पवित्र दुग्धधारा र त्रेतायुगीन मिथिलाको स्मृति देखेको छ। यही कारण दुग्धमतीलाई हिन्दू धर्मावलम्बीहरूले पवित्र नदीका रूपमा मान्दै स्नान, देवकार्य, पितृकार्य तथा विभिन्न धार्मिक अनुष्ठान गर्दै आएका छन्।

दुग्धमतीको अर्को महत्त्वपूर्ण पक्ष यसको जलयात्रा हो। यसको कथा कुनै एउटा घाटमा पुगेर समाप्त हुँदैन। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ अन्तर्गत सखुवा-अरजनवाँ क्षेत्र दुधमती टोलबाट यसको उद्गम भएको मानिन्छ। त्यहाँबाट यो नदी आफ्नो प्राकृतिक धार समात्दै विभिन्न गाउँ-बस्ती हुँदै अघि बढ्छ , जनकपुर धामको धार्मिक भूगोललाई स्पर्श गर्छ, बसविट्टी हुँदै लादोबेला भएर महोत्तरीको मटिहानीतर्फ पुग्छ। मटिहानीमा पुगेर दुग्धमतीको धारा बिग्घी नदीसँग जोडिन्छ। उक्त संगम पछि संयुक्त जलप्रवाह सीमापारिको भूभागतर्फ अघि बढ्दै जमुनी नदीसँग गएर जोडिन्छ । यसरी हेर्दा क्षिरेश्वर नगर पालिकाको दुग्धमति टोल रहेको उदगम स्थान (मुहान) देखि जनकपुरधाम, बसविट्टी, लादोबेला, मटिहानीमा बिग्घीसंग जोडिएर जमुनीसँगको संगमसम्मको यो जलयात्रा स्वयं मिथिलाको एउटा प्राकृतिक इतिहास हो। उपलब्ध भौगोलिक विवरणले पनि दुग्धमती सखुवा/अरजनवाँ क्षेत्रबाट उत्पत्ति भई मटिहानीमा बिग्घीमा मिसिने र यसको कुल लम्बाइ करिब २९ किलोमिटर रहेको छ।

यो नदीको बाटोमा पर्ने प्रत्येक स्थान । मानिसको जीवन जोडिएको छ, खेती जोडिएको छ, गाउँको इतिहास जोडिएको छ, धार्मिक आस्था जोडिएको छ। दुग्धमती कुनै कल्पनामा मात्र रहेको पौराणिक नदी होइन, आजको भूगोलमा आफ्नो अस्तित्व बोकेर बगिरहेको वास्तविक पौराणिक धार्मिक सांस्कृतिक नदी हो ।

बसपिट्टि भएर भएर बग्ने यही नदीको किनारमा रहेको जानकी घाटामा प्रत्येक वर्ष जानकी नवमी आउँदा धार्मिक आस्था अझ जीवन्त भएर प्रकट हुन्छ। जानकी नवमी माता जानकीको प्राकट्यको स्मरण गर्ने मिथिलाको महान् पर्व हो। यस अवसरमा दुग्धमतीमा हुने शाही स्नान धार्मिक कार्यक्रम माता जानकी र दुग्धमतीबीचको परम्परागत धार्मिक सम्बन्धको सार्वजनिक अभिव्यक्ति हो। पछिल्ला वर्षहरूमा जानकी मन्दिरको अगुवाइमा शाही स्नानको विशेष कार्यक्रम हुँदै आएको छ। जानकी मन्दिरबाट साधुसन्त, महन्त र श्रद्धालु सहभागी भएको शोभायात्रा दुग्धमती घाटतर्फ पुग्छ र सामूहिक शाही स्नान गरिने गरिन्छ।

जानकी नवमीका अवसरमा दुग्धमतीमा शाही स्नान गर्ने परम्परा पुर्वका समयमा रोकिएता पनि जानकी मन्दिरका उत्तराधिकारी महन्त रोशन दास वैष्णवले जानकी मन्दिरको नेतृत्वमा भारतबाट समेत आएका श्रद्धालुको सहभागिता, रामायण सभा र शोभायात्रा अगाडि बढाएका छ्न्। पछिल्ला वर्षहरूमा शाही स्नानपछि नगर परिक्रमा, आरती, मंगलगान, दीप प्रज्वलन, रामकथा वाचन, भजन-कीर्तनलगायतका धार्मिक कार्यक्रमहरू आयोजना हुँदै आएका छन्।

अझ पछिल्लो २०८३ सालको जानकी नवमीमा बसविट्टीस्थित दुग्धमती घाटमा बिहानै हजारौँ श्रद्धालु, साधुसन्त र धार्मिक अगुवाको उपस्थितिमा शाही स्नान भएको थियो। जानकी मन्दिरबाट बाजागाजा, झाँकी र ध्वजापताकासहित शोभायात्रा निकालिएको थियो। त्यसपछि जन्म आरती तथा बधाई गान, डोला शोभायात्रा, नगर परिक्रमा र साँझ सवा लाख दीप प्रज्वलन गर्ने कार्यक्रमसमेत राखिएको थियो।

एकछिन सोचौँ त–जहाँ हजारौँ मानिस माता जानकीको प्राकट्य स्मरण गर्दै शाही स्नान गर्छन्, जहाँ साधुसन्त र महन्तहरू पवित्र जलमा प्रवेश गर्छन्, जहाँबाट धार्मिक शोभायात्रा निस्कन्छ, जहाँ भजन-कीर्तन र आरतीको वातावरण बन्छ, त्यही दुग्धमतीको घाट वर्षको बाँकी दिनमा फोहोरको थुप्रो बन्नु कति ठूलो विडम्बना हो ? यही प्रश्नले आज मेरो मन खिन्न बनाएको हो।

दुग्धमतीको संरक्षणका लागि भने धार्मिक आस्थावान मानिस चुप लागेर बसेका छैनन्। विभिन्न सामाजिक संघसंस्था, अभियन्ता, स्थानीय नागरिक र विशेषगरी युवाहरूले लामो समयदेखि नदी सफाइमा निरन्तर श्रम गरिरहेका छन्। बसविट्टी क्षेत्रमा युवाहरूको सक्रियतामा प्रत्येक शनिबार सरसफाइ हुँदै आएको छ। सीमित स्रोतसाधनका बाबजुद आफ्नो समय, श्रम र पसिना खर्च गरेर नदी सफा गर्ने ती युवाहरू वास्तवमा दुग्धमतीका सच्चा अभियन्ता हुन्।



म उनीहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। सरकारको ठूलो बजेट, ठूलो मेसिन र ठूलो योजना नहुँदा पनि आफ्नो हातमा झाडु लिएर नदीमा पस्ने युवाहरूले हामी सबैलाई एउटा ठूलो पाठ सिकाएका छन्–नदी बचाउने पहिलो शक्ति सरकार होइन, जागेको नागरिक चेतना हो।

तर अभियन्ताले मात्र कति दिन धान्ने ? एउटा समूहले शनिबार नदी सफा गर्ने अनि अर्को दिन फेरि त्यही नदीमा फोहोर फाल्ने हो भने अभियानको के अर्थ रहन्छ ? त्यसैले सफाइ अभियानसँगै फोहोर नफाल्ने संस्कार विकास गर्नुपर्छ। नदीलाई सफा गर्नु राम्रो हो, तर नदीलाई फोहोर हुनै नदिनु अझ ठूलो काम हो। यही ठाउँमा सामाजिक संघसंस्था, धार्मिक संस्था, मठमन्दिर, युवा क्लब, टोल संस्था र स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुन्छ। दुग्धमतीलाई कुनै एक संस्थाको जिम्मेवारी बनाएर पुग्दैन। यो साझा सम्पदा हो, साझा जिम्मेवारी हो। आफ्नो क्षेत्रमा पर्ने घाटलाई एउटा धार्मिक संस्था वा सामाजिक संस्थाले अपनत्व लिएर नियमित संरक्षण गर्ने परम्परा विकास गर्न सकिन्छ। विद्यालयका विद्यार्थीलाई जोड्न सकिन्छ। धार्मिक कार्यक्रममा आउने श्रद्धालुलाई नदीमा प्लास्टिक र पूजा सामग्री नफाल्न सचेत गराउन सकिन्छ। घाटमा फोहोर व्यवस्थापनको स्थायी व्यवस्था गर्न सकिन्छ।

मंगलबार म बसविट्टी जाने मार्गतर्फको दुग्धमती किनारमा पुग्दा अर्को कुराले पनि मन छोयो। त्यही क्षेत्रमा अन्तर्राष्ट्रिय धार्मिक संस्था इस्कोनको भवन रहेको छ। आध्यात्मिक चेतना, भक्ति र धार्मिक संस्कारसँग जोडिएको संस्थाको आसपास रहेको पवित्र नदी र घाट स्वाभाविक रूपमा सफा, सुन्दर र व्यवस्थित देखियोस् भन्ने अपेक्षा हुनु अस्वाभाविक होइन। तर नदी र घाटको अवस्था देख्दा प्रश्न उठ्यो–हामी धर्मको प्रचार गर्छौँ भने धर्मसँग जोडिएको प्रकृति, नदी र तीर्थको संरक्षणलाई पनि धर्मकै एउटा अंग बनाउन किन नसक्ने ?

यो प्रश्न इस्कोनलाई मात्र होइन। सबै धार्मिक संस्था, मठ, मन्दिर र आश्रमलाई हो। यो प्रश्न सरकारलाई पनि हो र हामी सबैलाई पनि हो।

सनातन धर्मले प्रकृतिलाई देवत्वसँग जोडेको छ। नदीलाई माता भनिएको छ। नदीमा स्नान गरेर शुद्धताको कामना गरिन्छ। नदीको जल पूजा र संस्कारमा प्रयोग हुन्छ। तर त्यही नदीमा फोहोर फालेर हामीले कस्तो धार्मिक संस्कार प्रदर्शन गरिरहेका छौँ ? पूजा गरेर नदीलाई पवित्र मान्ने अनि पूजा सकेर त्यही सामग्री नदीमा फाल्ने प्रवृत्तिले हाम्रो आस्था र व्यवहारबीचको दूरी देखाउँछ।

दुग्धमतीलाई ‘सफाइ गर्ने नदी’ भनेर होइन, ‘धार्मिक-सांस्कृतिक सम्पदा’ भनेर हेर्नुपर्छ।

यस विषयमा मधेस प्रदेश सरकारले गरेको पहल पनि उल्लेख गर्नैपर्छ। २०८१ भदौमा मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा बसेको उच्चस्तरीय बैठकले दुग्धमतीको उद्गमस्थलदेखि भारतीय सीमासम्म करिब २९ किलोमिटर क्षेत्रको प्राकृतिक बहाव पहिचान गरी सीमा निर्धारण, अतिक्रमण हटाउने र उत्खनन गर्ने निर्णय गरेको थियो। २०२४/२०२६ सालको पुरानो नापीका आधारमा नदीको सीमा यकिन गर्ने जिम्मेवारी प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई दिइएको थियो।

त्यसपछि दूधमती नदी संरक्षण तथा संवर्द्धन उच्चस्तरीय उपसमिति बनाएर काम अघि बढाइएको थियो, जसको अध्यक्षता तत्कालीन ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्रीले गरेका थिए। २०८१ पुसबाट उद्गमस्थल अरजनवाँबाट विधिवत् सीमांकन सुरु भयो। नक्साअनुसार नापजाँच, क्षेत्र छुट्याउने र नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गर्ने काम अघि बढाइएको थियो।

मधेस प्रदेश सरकारले त्यसलाई अझ ठूलो दूधमती नदी उकास तथा विकास परियोजनाका रूपमा अघि बढाउने योजना सार्वजनिक गरेको थियो। करिब पाँच अर्ब रुपैयाँको बहुवर्षीय परियोजनामा नदीको बहाव क्षेत्रबाहेक दुवैतर्फ ११-११ मिटरको कालोपत्रे सडक, उद्गमस्थलमा मन्दिर तथा पार्कसहित पोखरीको सौन्दर्यीकरण, विभिन्न गाउँ नजिक दूधमती तथा सीता माताका मन्दिरसहित पार्क र करिब दुई-दुई किलोमिटरको दूरीमा ड्याम निर्माण गर्ने योजना अघि सारिएको थियो। प्रारम्भिक चरणमा प्रदेश सरकारले २ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको विवरणसमेत सार्वजनिक भएको थियो।

तर यहाँ पनि मेरो एउटा प्रश्न छ–जब दुग्धमति नदिको दुबै किनारातर्फ दुई-दुई सय मिटर जग्गालाई बृहत्तर जनकपुर क्षेत्र विकास परिषदले संरक्षित स्थल भनेर निर्णय गरेको थियो। बोर्डहरु झुण्ड्याइएका थिए । सो संरक्षित स्थल भन्दा बाहिर कालो पत्रे सडक निर्माण गर्दा उपयुक्त हुन्छ। नभए आधुनिकता -कमिसनको भरमा यसको प्राचीन पहिचान समाप्त हुने सम्भावना बढेर जान सक्छ। उक्त क्षेत्र शान्त - ध्यान केन्द्र रमणीय बन को रुपमा साधना स्थल को रुपमा लगिनुपर्छ।

अर्को कुरो दुग्धमतीलाई सजाउनुअघि दुग्धमतीलाई बचाउने काम प्राथमिकतामा छ कि छैन ? नदीभित्र फोहोर थुप्रिएको छ, मुहान कतिपय ठाउँमा थुनिएको छ, प्राकृतिक बहाव साँघुरिएको छ, कतिपय क्षेत्रमा अतिक्रमण भएको छ भने किनारमा सडक र पार्क बनाएर मात्र नदीको सौन्दर्य फर्किँदैन। हालै प्रकाशित रिपोर्टहरूले समेत सीमांकन, उत्खनन र सौन्दर्यीकरणको योजना अपेक्षित गतिमा अघि नबढेको तथा सरकार परिवर्तनसँगै परियोजना सुस्त भएको उल्लेख गरेका छन्। प्रारम्भिक चरणको उत्खननसम्बन्धी ११ करोड रुपैयाँको योजना सुरु भए पनि गति सुस्त रहेको र अन्य सौन्दर्यीकरण तथा ड्यामसम्बन्धी योजनामा प्रगति नदेखिएको रिपोर्ट सार्वजनिक भएका छन।

त्यसैले सरकारलाई मेरो आग्रह छ,

दुग्धमतीलाई राजनीतिक सरकार परिवर्तनसँगै परिवर्तन हुने आयोजना नबनाइयोस्। यो कुनै मन्त्रीको व्यक्तिगत गौरवको आयोजना होइन। यो मिथिलाको धार्मिक सम्पदा हो। सरकार आउँछन्, जान्छन्; मन्त्री बदलिन्छन्; तर दुग्धमती त्रेतायुगको स्मृति बोकेर आजसम्म बगिरहेको छ। त्यसैले यसको संरक्षणका लागि दीर्घकालीन, कानुनी र संस्थागत व्यवस्था आवश्यक छ।

दुग्धमतीको संरक्षणलाई रामायण सर्किटसँग जोड्ने सम्भावना पनि ठूलो छ। मधेस प्रदेश सरकारले धार्मिक पर्यटन प्रवर्द्धनका क्रममा रामायण सर्किटसँग दुग्धमती संरक्षणलाई जोडेर अघि बढाउने कुरा सार्वजनिक गरेको छ। नेपाल र भारतको साझा धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई जोड्ने दृष्टिले पनि यस्तो नदीको संरक्षण महत्वपूर्ण छ।

**सार्वजनिक सेवा प्रसारण संस्था**

हामी अयोध्या, काशी, प्रयागराज र जनकपुरलाई रामायण तथा धार्मिक पर्यटनको साझा यात्रामा जोड्न चाहन्छौँ भने जनकपुरधामभित्रका पौराणिक नदी र तीर्थलाई पनि त्यही सम्मान दिनुपर्छ। पर्यटकलाई जानकी मन्दिर देखाएर मात्र पुग्दैन; जानकीको जीवनसँग जोडिएका नदी, कुण्ड, पोखरी र धार्मिक स्थलको कथा पनि सुनाउनुपर्छ। दुग्धमतीको उद्गमस्थलदेखि बसविट्टीको घाट र मटिहानीको संगमसम्मको धार्मिक-सांस्कृतिक यात्रा आफैँमा एउटा तीर्थयात्रा बन्न सक्छ।

मटिहानीसम्म पुगेपछि दुग्धमतीको धारा बिग्घी नदीसँग जोडिन्छ। त्यसपछि सीमापारिको भूगोलमा जमुनी नदीसँगको संगमको स्थानीय परम्पराले यसको अर्को अध्याय सुरु गर्छ। यसरी हेर्दा दुग्धमतीको यात्रा एउटा देशको प्रशासनिक सीमाभन्दा धेरै ठूलो छ। जलको कुनै सीमा हुँदैन, संस्कृति र आस्थाको पनि कुनै कृत्रिम सीमा हुँदैन। मिथिलाको भूगोल नेपाल र भारतमा बाँडिएको होला, तर जनक-जानकीको कथा, रामायणको स्मृति र यहाँका नदी-तीर्थले दुवै भूभागलाई जोडिरहेका छन्। यही कारण दुग्धमतीलाई सीमाभित्रको एउटा ‘नदी परियोजना’ मात्र बनाउनु हुँदैन। यसलाई मिथिलाको धार्मिक-सांस्कृतिक सम्पदा संरक्षण परियोजनाका रूपमा विकास गर्नुपर्छ।

आज म दुग्धमतीको किनारमा उभिँदा एउटा समयचित्र मेरो आँखामा आयो–त्रेतायुगको मिथिला, राजा जनकको दरबार, बालिका सीता, कामधेनुको पवित्र दूध, त्यसबाट उत्पन्न भएको मानिएको दुग्धधारा, ऋषिमुनि र साधुसन्त, नदी किनारको धार्मिक जीवन, अनि आजको जनकपुरधाम। समय फेरिएको छ, मानिस फेरिएका छन्, बस्ती बढेका छन्, बाटा बनेका छन्, भवन बनेका छन्; तर त्यो नदी अझै हामीलाई हाम्रो इतिहास सम्झाइरहेको छ। तर हामीले उक्त पवित्र नदिमा फोहोर गरिरहेका छौ। ढल बगाइरहेका छौ । अतिक्रमण गरिरहेका छौ। उपेक्षा गरिरहेका छौं। अनि फेरि त्यही नदीमा स्नान गरेर पवित्रताको कामना गरिरहेका छौँ।

अब यो विरोधाभास अन्त्य गर्नुपर्छ।

दुग्धमतीको संरक्षण भनेको नदीको पानी बचाउनु होइन। यो आफ्नो इतिहासप्रतिको इमानदारी बचाउनु हो। यो माता जानकीप्रतिको श्रद्धा बचाउनु हो। यो मिथिलाको मौलिक पहिचान बचाउनु हो। यो रामायणकालीन सांस्कृतिक स्मृति बचाउनु हो। त्यसैले अब ‘दुग्धमती संरक्षण’को एउटा व्यापक अभियान सुरु गरौँ–उद्गमदेखि संगमसम्म।

सखुवा-अरजनवाँको मुहानबाट सुरु गरौँ। त्यहाँको प्राकृतिक जलस्रोत र धार्मिक स्थल बचाऔँ। नदी बग्ने गाउँ-बस्तीमा यसको पुरानो मार्ग पहिचान गरौँ। जनकपुरधाममा प्रवेश गरेपछि नदीको प्राकृतिक बहाव र घाट संरक्षण गरौँ। बसविट्टीको धार्मिक घाटलाई वर्षभरि स्वच्छ राखौँ। जानकी नवमीमा हुने शाही स्नानलाई अझ व्यवस्थित र गरिमामय बनाऔँ। मटिहानी पुगेर बिग्घीसँग जोडिने स्थानको संरक्षण गरौँ। त्यसपछि जमुनीसँगको संगमसम्मको जलप्रवाहलाई पनि समग्र नदी प्रणालीका रूपमा अध्ययन र संरक्षण गरौँ।

हरेक वर्ष जानकी नवमीमा हजारौँ श्रद्धालु शाही स्नान गर्न आउने नदीमा वर्षभरि फोहोर थुप्रिनु अब स्वीकार्य हुनु हुँदैन। जानकी जन्मोत्सवका अवसरमा शाही स्नान, शोभायात्रा, आरती, मंगलगान, रामकथा, डोला यात्रा, नगर परिक्रमा, दीप प्रज्वलनलगायतका कार्यक्रम हुने दुग्धमतीको धार्मिक वातावरणलाई स्थायी तीर्थपरम्परासँग जोड्नुपर्छ।

अभियन्ताहरूलाई धन्यवाद दिऔँ, तर उनीहरूलाई एक्लै नछोडौँ। सामाजिक संस्थाहरूलाई सम्मान गरौँ, तर उनीहरूकै काँधमा सबै जिम्मेवारी नहालौँ। युवाहरूले शनिबार नदी सफा गर्दैछन् भने सरकार र समाजले बाँकी छ दिन नदी फोहोर हुन नदिने व्यवस्था गर्नुपर्छ। धर्मगुरु र मठमन्दिरले प्रवचनमा नदी संरक्षणको कुरा गरून्। विद्यालयले बालबालिकालाई दुग्धमतीको इतिहास पढाओस्। स्थानीय सरकारले घाट व्यवस्थापन गरोस्। प्रदेश सरकारले आफ्नो उच्चस्तरीय समिति र परियोजनालाई निरन्तरता दिओस्। केन्द्र सरकारले आवश्यक सहयोग गरोस्। र नागरिकले एउटा संकल्प गरून्–नदीमा फोहोर फाल्दिनँ, अरूलाई पनि फाल्न दिन्नँ।

आज दुग्धमतीमा स्नान गर्न जाँदा मेरो मन खिन्न भयो। तर म त्यो खिन्नतालाई निराशामा बदल्न चाहन्नँ। बरु यही पीडाबाट एउटा आवाज उठोस् भन्ने चाहन्छु।

हामीले दुग्धमतीको इतिहास पढेका छौँ। अब यसको भविष्य लेखौँ। हामीले माता जानकीको नाम लिएका छौँ। अब जानकीको भूमिसँग जोडिएको नदी पनि बचाऔँ। हामीले रामायणकालीन मिथिलाको गौरव गरेका छौँ। अब त्यस गौरवका जीवित प्रमाणहरू पनि संरक्षण गरौँ। हामीले धार्मिक पर्यटनको कुरा गरिरहेका छौँ। अब तीर्थस्थललाई तीर्थजस्तै बनाऔँ। दुग्धमती पानी बग्ने नदि त्रेतायुगको स्मृति बोकेर वर्तमान सम्म आइपुगेको पवित्र धारा हो। यो जनक-जानकीको मिथिलाको एउटा जीवित अध्याय हो। यो जनकपुरधामको धार्मिक पहिचान हो। यो नेपाल र भारतको मिथिला सभ्यतालाई जोड्ने प्राकृतिक सेतु हो। त्यसैले यसको संरक्षण कसैको कृपा होइन–हाम्रो पुस्ताको कर्तव्य हो।

अभियन्ता, सामाजिक संस्था र युवाको हात बलियो बनाऔँ। र त्रेतायुगदेखि वर्तमानसम्मको यो अमूल्य धार्मिक-सांस्कृतिक सम्पदा भावी पुस्तालाई सुरक्षित हस्तान्तरण गरौँ।

किनकि दुग्धमती हराउनु भनेको एउटा नदी सुक्नु मात्र होइन। मिथिलाको इतिहासको एउटा जीवित पाना हराउनु हो।

दुग्धमती बाँचोस्, मिथिलाको स्मृति बाँचोस्। दुग्धमती निर्मल होस् ।

दुग्धमतीको घाट बचोस्, माता जानकीसँग जोडिएको हाम्रो आस्था बचोस्।अस्तुः श्री जानकी माताले सबैको कल्याण गरून्।

# युवा पुस्ताको बढ्दै राजनीतिक भूमिका

डा शोभाकर पराजुली

विश्व राजनीति पछिल्ला दशकहरूमा गहिरो संरचनात्मक परिवर्तनको चरणबाट गुज्रिरहेको छ, जसको केन्द्रमा युवा पुस्ताको बढ्दो राजनीतिक सक्रियता र प्रभाव स्पष्ट रूपमा देखिन्छ । विशेषतः जेन जेड पुस्ताको उदयसँगै राजनीतिक सहभागिता, नेतृत्वको स्वरूप, राज्य र नागरिकबीचको सम्बन्ध तथा लोकतान्त्रिक संस्थाहरूको कार्यशैलीमा नयाँ बहसहरू सुरु भएका छन् । परम्परागत राजनीतिक प्रणाली, जुन लामो समयसम्म संस्थागत दल, अनुभवी नेतृत्व, क्रमिक सत्ता हस्तान्तरण र विचारधारात्मक संघर्षमा आधारित थियो, अहिले डिजिटल युगका सचेत, आलोचनात्मक र तत्काल प्रतिक्रिया दिने युवा पुस्तासँग प्रत्यक्ष संवादमा आएको छ। यसले विश्वव्यापी रूपमा राजनीतिक संरचनालाई पुनः परिभाषित गर्न बाध्य बनाएको छ ।

जेन जेड आन्दोलनहरू विश्वका विभिन्न भागमा फरक-फरक राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा देखापरे पनि तिनको मूल चरित्रमा उल्लेखनीय समानता पाइन्छ । यी आन्दोलनहरू मुख्यतः प्रणालीगत असन्तोष, संस्थागत कमजोरी र राजनीतिक उत्तरदायित्वको अभावप्रति केन्द्रित छन् । ल्याटिन अमेरिका, अफ्रिका, युरोप र एसियाका विभिन्न देशहरूमा युवाहरूले भ्रष्टाचार, अवसरको असमानता, बेरोजगारी, अभिव्यक्ति स्वतन्त्रताको सीमितता, सामाजिक न्यायको अभाव र राज्य संयन्त्रको ढिलासुस्तीविरुद्ध आवाज उठाएका छन् । यी आन्दोलनहरू केवल परम्परागत सडक प्रदर्शनमा सीमित छैनन्, बरु डिजिटल माध्यममार्फत सङ्गठित हुने, सूचना प्रवाह गर्ने, जनमत निर्माण गर्ने र राजनीतिक दबाब सिर्जना गर्ने नयाँ शैलीको राजनीतिक अभिव्यक्ति हुन् ।

डिजिटल प्रविधिको तीव्र विस्तारले युवाको राजनीतिक भूमिकालाई गुणात्मक रूपमा परिवर्तन गरेको छ । सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, डिजिटल अभियान र नेटवर्किङ संरचनाले परम्परागत राजनीतिक सङ्गठनको एकाधिकारलाई चुनौती दिएको छ । अब राजनीतिक सहभागिता केवल पार्टी सदस्यता वा भौतिक उपस्थितिमा सीमित छैन, बरु विचार निर्माण, डिजिटल अभियान सञ्चालन, अनलाइन बहस र सार्वजनिक विमर्शमार्फत पनि सम्भव भएको छ । यसले शक्ति संरचनालाई केही हदसम्म विकेन्द्रित बनाएको छ र नागरिकलाई प्रत्यक्ष राजनीतिक संवादमा सहभागी गराएको छ तर यससँगै नयाँ चुनौतीहरू पनि उत्पन्न भएका छन्, जसमा गलत सूचना, डिजिटल ध्रुवीकरण, भावनात्मक राजनीति र सतही बहस प्रमुख छन् ।

युवा पुस्ताको राजनीतिक चेतना अब परम्परागत वैचारिक सीमाभन्दा बाहिर विस्तारित भएको छ । उनीहरू केवल वाम वा दक्षिणपन्थी विचारधारामा सीमित छैनन्, बरु नीति परिणाम, सुशासन, पारदर्शिता, जलवायु परिवर्तन, लैङ्गिक समानता, मानवअधिकार र सामाजिक न्यायजस्ता व्यावहारिक विषयहरूमा केन्द्रित छन् । यसले राजनीतिक वैधताको परम्परागत आधारलाई चुनौती दिएको छ । जहाँ पुरानो पुस्ता ऐतिहासिक सङ्घर्ष, सङ्गठनात्मक अनुशासन र राजनीतिक योगदानलाई वैधताको आधार मान्छ, त्यहाँ नयाँ पुस्ता कार्यसम्पादन, जवाफदेहिता र परिणाममुखी शासनलाई वैधताको प्रमुख आधार मान्छ । यसरी हेर्दा विश्व राजनीति दुई फरक वैधता ढाँचाबीचको सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । पहिलो ढाँचा ऐतिहासिक वैधता हो, जसले विगतको सङ्घर्ष, आन्दोलन र योगदानलाई राजनीतिक अधिकारको आधार मान्छ । दोस्रो ढाँचा कार्यसम्पादन आधारित वैधता हो, जसले वर्तमान शासनको प्रभावकारिता, पारदर्शिता र परिणामलाई प्राथमिकता दिन्छ । यी दुई ढाँचाबीच सन्तुलन कायम हुन नसक्दा पुस्तागत दूरी झन गहिरो हुँदै गएको देखिन्छ ।

युवा आन्दोलनहरूको अर्को महत्वपूर्ण विशेषता उनीहरूको सङ्गठनात्मक स्वरूप हो । परम्परागत राजनीतिक आन्दोलनहरू जस्तै स्पष्ट नेतृत्व संरचना, औपचारिक सङ्गठन र दीर्घकालीन वैचारिक दस्तावेजमा आधारित नहुनु यी आन्दोलनहरूको विशेषता हो ।

## कांग्रेस १५औँ महाधिवेशनः वडा अधिवेशन असोज ३ देखि सुरु हुने

काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको वडा अधिवेशन आगामी असोज ३ गतेदेखि सुरु हुने भएको छ। कांग्रेसले यसअघि भदौ २४ गतेदेखि सुरु गर्ने भनेको वडा अधिवेशन रसुवाको भोटेकोशीमा आएको बाढीका कारण केही पर धकेलिएको हो।

कांग्रेस निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले आज प्रेस विज्ञप्ति जारी गरी वडा अधिवेशन असोज ३ र ४ गते गर्न लागिएको जानकारी दिनुभयो। उक्त दिन देशभरका छ हजार ७४३ वडामा अधिवेशन हुनुका साथै क्षेत्रीय प्रतिनिधिको चयन हुनेछ।

आगामी असोज ७ गते गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अधिवेशन हुनेछ भने असोज १० गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न हुने कार्यतालिका रहेको संयोजक खड्काले जानकारी दिनुभयो। केन्द्रीय महाधिवेशन भने असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुनेछ।

संयोजक खड्काका अनुसार बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाको हकमा तोकिएको निर्वाचन अधिकृत र पार्टीको स्थानीय तहको समन्वयमा अधिवेशन सम्पन्न गरिनेछ। नेपाली जनसम्पर्क समितिको बाँकी रहेका देशको अधिवेशन आगामी असोज १० गतेभित्र सम्पन्न गर्ने कार्यतालिका छ। जिल्ला अधिवेशन र प्रदेश अधिवेशनको समय तालिका दोस्रो चरणमा प्रकाशित गरिने संयोजक खड्काले बताउनुभयो। रासस

### जेन- जी आन्दोलनको एक वर्ष :

# युवा स्वदेशमै टिकाउन र वैदेशिक रोजगार व्यवस्थित बनाउन नीतिगत सुधार

काठमाण्डु । सुशासन, रोजगार र अवसरको खोजीसँगै युवा पुस्ताको सङ्घर्षले भएको जेनजी आन्दोलनको एक वर्ष पूरा भएको छ । स्वदेशमै रोजगारको सिर्जना गर्ने र वैदेशिक रोजगारभन्दा आन्तरिक रोजगारमा आत्मनिर्भर हुने युवा पुस्ता आकांक्षा बढ्दो छ। युवा अपेक्षाको जिम्मेवारीमा रहेको युवा, श्रम तथा रोजगार मन्त्रालयले एक वर्षमा के कति उद्देश्य हासिल गर्न सक्यो ? समीक्षा गर्ने बेला आएको छ।




मन्त्रालयका एक वर्षे अवधिका महत्त्वपूर्ण कार्य सम्पादनको मूल्याङ्कन गर्दा मुख्य तीन विषयमा केन्द्रीत हुन सकिन्छ। आन्तरिक रोजगार सिर्जना गर्ने, नीतिगत एवं कानुनी सुधारमा जोड दिने र अर्को तथा अन्तिम हो सेवा प्रवाहलाई डिजीटाइजेसन गर्ने। एक वर्षमा यस मन्त्रालयमा दुई मन्त्री फेरिए। विसं २०८२ चैत १३ गते प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा गठन भएको मन्त्रिण्डलअन्तर्गत श्रम मन्त्रालयमा दीपक साह मन्त्री बन्नुभएको थियो । उहाँको कार्य अवधि करिब एक महिना पुग्दानपुग्दै रामजी यादव मन्त्री हुनुभयो।

चैत २७ गते श्रममन्त्री यादवले आफू पदभारग्रहण गरेसँगै मन्त्रालयलाई डिजिटाइजेसन गर्ने र आन्तरिक रोजगार कार्यक्रममा प्राथमिकता दिने बताउनुभएको थियो।

यसै अनुरुप मन्त्रालयको कार्ययोजनाअन्तर्गत आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धनदेखि वैदेशिक रोजगार व्यवस्थापन र श्रम प्रशासनको डिजिटाइजेसनसम्मका कामलाई प्राथमिकताका साथ काम गर्दै आएको मन्त्रालयका सहायक प्रवक्ता एवं सूचना अधिकारी जगदीश पराजुलीले बताउनुभयो। उहाँले भन्नुभयो, "युवा ऐन मस्यौदा तयारी अन्तिम चरणमा रहेको, श्रम रोजगार ऐन संशोधनको प्रक्रियामा छ।"

यसै वर्ष स्वीट्जरल्याण्डको जेनेभामा आयोजित ११४औँ अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को अन्तरराष्ट्रिय सम्मेलनमा मन्त्री यादवको अर्थपूर्ण उपस्थिति रह्यो। सम्बोधनले नेपालको श्रम व्यवस्था र श्रमिकको पक्षमा खास महत्व दर्साउँदै मन्त्रीले श्रम शोषण र बाध्यकारी श्रममा सरकारको 'शून्य सहनशीलता' (जिरो टलरेन्स) को नीति रहेको स्पष्ट पार्नुभएको थियो। यसैको सकारात्मक परिणामस्वरुप श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन संसदमा 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदन भइसकेको छ।

वैदेशिक रोजगार मर्यादित र व्यवस्थित बनाउन जोड मन्त्रालयले वैदेशिक रोजगार मर्यादित व्यवस्थित बनाउन डिजिटाइजेसन शासन पद्धति अवलम्बनमा जोड दिएको छ। वैदेशिक रोजगारीमा हुने ठगी तथा अनियमितता नियन्त्रण गर्न सूचना प्रविधिमा आधारित 'अपरेसन इलिगल एजेन्ट क्लिनअप' वेब पोर्टल सञ्चालनमा ल्याइएको छ। ठगी गर्ने व्यक्ति, समूह तथा निकायको पहिचान, अनुसन्धान र कारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले पोर्टलमार्फत राष्ट्रिय अभियान सुरु गरिएको मन्त्रालयले जनाएको छ।

यसै वर्ष अमेरिका-इरान युद्धको प्रभावमा वैदेशिक रोजगारमा गएका नेपाली नागरिकले समेत समस्या भोग्नु पर्‍यो । पश्चिम एशियामा देखिएको तनावका कारण ५० दिनसम्म साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलका लागि श्रम स्वीकृति दिने कार्य स्थगित भएको थियो। त्यस अवधिमा रोकिएको श्रम स्वीकृति वैशाख ७ गतेदेखि पुनः सञ्चालनमा ल्याइएको र वैदेशिक रोजगारमा जाने कामदारलाई सहज वातावरण सिर्जना गर्ने प्रयत्न गरियो।

त्यसैगरी मन्त्रालयले वैदेशिक रोजगार प्रणाली अर्थात् 'फरेन इम्प्लोयमेन्ट इकोसिस्टम' को डिजिटाइजेसन तथा 'लेबर ट्र्याकिङ' सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरेको छ । वैदेशिक रोजगारीमा जाने निर्णय गर्नेदेखि पूर्वप्रस्थान, रोजगारी, स्वदेश फिर्ता र पुनःएकीकरणसम्मको सम्पूर्ण आप्रवासन चक्रलाई एउटै एकीकृत डिजिटल प्रणालीमा आबद्ध गर्ने मन्त्रालयले कार्य प्रक्रिया अघि बढाएको छ। वैदेशिक रोजगारीका क्रममा हुने ठगी, प्रलोभन तथा अन्य अनियमितताका घटनालाई तत्काल सम्बोधन गर्न मन्त्रालयस्तरमा 'एक्सन कमान्ड सेन्टर' स्थापना गरिएको छ। सो केन्द्रमार्फत वैदेशिक रोजगारीसँग सम्बन्धित गुनासो सम्बोधन गरिएको मन्त्रालयले जनाएको छ।

### आन्तरिक रोजगारी प्राथमिकतामा

मन्त्रालयले आगामी एक दशकलाई 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' को रुपमा घोषणा गरेको छ। घोषणासँगै उद्देश्य पूर्ति गर्ने कार्यक्रमहरु पनि तयार गरिरहेको मन्त्रालयको आन्तरिक रोजगार महाशाखाका प्रमुख हेमराज तामाङले बताउनुभयो। उहाँका अनुसार आन्तरिक रोजगार सिर्जना गर्न स्थानीय तहसँगको सहकार्यमा जोड दिएको सुनाउनुभयो।

युवालाई उद्यमशील बनाउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउने काम अघि बढाइएको छ। रोजगार सूचना तथा उद्यमशीलता विकासका लागि 'उद्यमशीलता केन्द्र विकास' सम्बन्धी कार्यविधिसमेत तयार गरिएको मन्त्रालयले जनाएको छ । रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी सेवा डिजिटाइजेसन गरी एकीकृतरूपमा प्रवाह गर्ने उद्देश्यले रोजगार व्यवस्थापन सूचना प्रणाली (इएमआइएस) को स्तरोन्नति गरिएको छ। त्यस्तै मन्त्रालयले निजी क्षेत्र र रोजगार सेवा केन्द्रबीच सहकार्य बढाउने उद्देश्यले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) र नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) को सहकार्यमा 'स्ट्राटेजी फर प्राइभेट सेक्टर इङ्गेजमेन्ट विथ इम्प्लोयमेन्ट सर्भिस सेन्टर' तयार गरिएको छ।

यसैगरी मन्त्रालयका अनुसार देशभित्र मर्यादित श्रम, आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन, सुरक्षित र व्यवस्थित वैदेशिक रोजगार तथा सीपयुक्त जनशक्ति विकासलाई एकीकृत रूपमा अघि बढाउने नीति लिइएको छ। श्रममन्त्री यादवको अध्यक्षतामा आइएलओ, विश्व बैंक, एसियाली विकास बैंक (एडिबी), अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) लगायतका प्रतिनिधिसँग हालै बसेको बैठकमा भोटेकोशी नदीमा आएको बाढीपश्चात प्रभावित क्षेत्रमा तत्काल राहत, पुनर्निर्माण तथा रोजगारीका अवसर सिर्जना गर्ने कार्य योजना बनेको मन्त्रालयले जनाएको छ।

विपद् प्रभावित श्रमिक, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा स्थानीय समुदायलाई लक्षित गरी द्रूत रोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने खाका तयार पारिएको मन्त्रालयले उल्लेख गरेको छ । त्यस्तै, प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक सीप विकास तालिम सञ्चालन गर्ने, प्रभावित परिवारका लागि अल्पकालीन रोजगारी सिर्जना गर्ने तथा जीविकोपार्जनलाई सुरक्षित र उत्पादनशील बनाउने विषयमा जोड दिइएको छ।

### डिजिटाइजेसन सेवा प्रवाह

सरकार गठनसँगै तय गरिएको प्रशासकीय सुधारको कार्ययोजनामा सुशासन र डिजिटाइजेसनलाई प्राथमिकतामा राखिएपछि मन्त्रालयले मातहतका निकायमा प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने काम अघि बढाएको हो । मन्त्रालयका अनुसार विगतमा पटक-पटक श्रम स्वीकृति लिनुपर्ने झन्झट हटाउँदै श्रम स्वीकृति स्वतः नवीकरण हुने व्यवस्था सुरु गरिएको छ । 'पासवर्ड रिसेट' लगायतका सामान्य कामका लागि वैदेशिक रोजगार विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै स्थानीय तहबाटै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने व्यवस्था मिलाइएको छ।

मन्त्रालयले वैदेशिक रोजगारका नाममा ठगिएका व्यक्तिहरुलाई उजुरी प्रणाली सहज बनाउदै ठगी न्यूनीकरण गर्न डिजिटल प्रणालीलाई चुस्त बनाउने प्रयास गरेको छ। यसै वर्ष वैदेशिक रोजगारीका नाममा हुने ठगीविरुद्ध उजुरी दिन मन्त्रालयले अनलाइन उजुरी प्रणाली सञ्चालनमा ल्याएको छ । वैदेशीक रोजगारको ठगीमा परेका व्यक्ति उजुरी दिनकै लागि काठमाडौँ खर्च गरेर धाउनु पर्ने सास्ती हटेको छ । आफ्नै मोबाइल र कम्पयुटरमार्फत 'एप्स डाउनलोड' गरेर ठगी गर्ने व्यक्तिको विवरण उजुरीमा खुलाउन सक्ने व्यवस्था गरिएको छ।

त्यस्तै, मन्त्रालयले सम्पुर्ण 'लेबर माइग्रेसन सिस्टम' लाई विद्युतीकरण (डिजिटाइजेसन) गर्ने कामलाई उच्च प्राथमिकतामा राखेको छ । मन्त्रालयको उद्देश्य विदेश जानुअघि र विदेश गएर फर्किएपछि सम्मको सबै प्रक्रियालाई एउटै 'इन्टिग्रेटेड इको-सिस्टम' भित्र ल्याउनु हो। वैदेशिक रोजगारको डिजिटाइजेसनसम्बन्धी प्रतिवेदनमा कार्य अगाडि बढिसकेको र यसको कार्यान्वयन प्रक्रिया सुरु भइसकेको पनि मन्त्रालयले जनाएको छ।

मन्त्रालयको अर्को महत्त्वपूर्ण काम वैदेशिक रोजगारमा परेका उजुरी तथा मुद्दा मामिला फायलहरुको डिजिटल रुपमा व्यवस्थित गर्नु हो । विसं २०५७ देखिका उजुरी तथा मुद्दा मामिलाका फायलहरुको हार्डकपीलाई क्रमिक रुपमा संक्षिप्त विवरणसहित डिजिटलप्रति तयार गरिँदै आएको मन्त्रालयले जनाएको छ। रासस


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय राजविराज, सप्तरीको तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ७ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मितिः २०८३/०५/२४ गते बुधबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीको लागि मिति २०८१/११/०६ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री बारेको ७ (सात) दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले मिति २०८२/०४/२७ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएको ले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, राजविराजमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०५/३१ गते बुधबार दिनको ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्त हित संरक्षण निर्देशानलय, घरेलु तथा साना उद्योग कार्यालय राजविराज सप्तरीमा, प्राईभेट फर्म रजिष्ट्रेन ऐन, २०१४ बमोजिम मिति २०७८/०४/१०, प्रा.फ.र.नं. ९०३३/२०७८/७९ भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, राजविराज सप्तरीबाट मिति २०७८/०४/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१६१८९३४४ को प्रमाणपत्र प्राप्त **रिया जेनरल स्टोर ।**
**ठेगाना :** सप्तरी जिल्ला कंचनरुप नगरपालिका वडा नं. ११, सिमरा ।

**प्रोपाइटर तथा जमानतकर्ता : रंजना कुमारी ईसर** (ना.प्र.न. १६-०२-७४-००७२७ जारी मिति २०७४/०२/२८ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)
ठेगाना : सप्तरी जिल्ला कंचनरुप नगरपालिका वडा नं १३ ।
बाबु : राजेन्द्र प्रसाद ईसर राजधोव ।
पति/ससुरा : दुर्गा कुमार ईसर/राम रुप ईसर ।

**जमानतकर्ता : दुर्गा कुमार ईसर** (ना.प्र.न. १६२०१८/१८८, जारी मिति २०६७/०४/०९ जि.प्र.का. सप्तरीा) ।
ठेगाना : सप्तरी जिल्ला कंचनरुप नगरपालिका वडा नं १३ (साविक ठेलिया गा.बि.स. वडा नं ९) ।
बाबु : राम रुप ईसर । बाजे : दाहोर ईसर ।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **दुर्गा कुमार ईसर**को नाममा मालपोत कार्यालय कन्चपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला ठेलिया गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क, कित्ता नं. २०३१, क्षेत्रफल ०-५-१.५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..१
२. ऋणी **रिया जेनरल स्टोर**को स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय राजविराज, सप्तरीमा** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय राजविराज, सप्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**


# शहीदका सपना पूरा गर्न यो सरकार पूर्ण प्रतिबद्ध छः गृहमन्त्री गुरुङ

काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका शहीदहरूको सपना पूरा गर्न यो सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। गत वर्षको भदौ २३ गते जेनजी आन्दोलन भएको दिनको स्मरणमा जेनजी शहीद परिवार कल्याणकारी समाजद्वारा तत्कालीन सङ्घीय संसद् भवन नयाँ बानेश्वर परिसरमा आज आयोजित कार्यक्रममा उहाँले सुशासन कायम गर्न र भष्ट्राचार अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।



गृहमन्त्री गुरुङले भन्नुभयो, "सम्पूर्ण जेनजी युवा पुस्ता ढुक्क हुनुहोस्, मुलुकमा सुशासन कायम भई भष्ट्राचार अन्त्य हुन्छ। हाम्रा माग र सपना पूरा नहुन देशमा अर्को एउटा गोली चल्नुपर्छ त्यो पनि मेरो शिरबाट ।" उहाँले प्रधानमन्त्री वालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछनेले विश्वास गरेर जेनजीको आशालाई मर्न नदिनेमा ढुक्क हुन सबैमा अनुरोध गर्नुभयो।

मन्त्री गुरुङले आफूलाई जनताले जसरी विश्वास गरेर यहाँसम्म पुऱ्याए त्यसको सम्मान स्वरुप सुशासन कायम राख्न र भ्रष्टाचार नियन्त्रण गर्न आफूले हरसम्भव प्रयास गरिरहेको उल्लेख गर्नुभयो । "म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु जबसम्म मेरो यो ज्यानमा प्राण छ कुनै नेपालीलाई दुःख हुन दिने छैन", उहाँले भन्नुभयो।

युवाहरूले मुलुकमा लोकतन्त्र आइसकेपछिको अवस्थामा आफ्नो आवाज उठाउँदै गर्दा तत्कालीन सरकारले त्यसको जवाफ गोलीले दिनुपर्ने अवस्था आउनु दुःखद भएको उहाँको भनाइ छ।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले तत्कालीन नेतृत्व गरिरहेको सरकारले सामाजिक सञ्जाल बन्द गरेर जनतालाई झनझन अप्ठ्यारो पार्ने काम गरिरहेको अवस्थामा जेनजी आन्दोलन भएको बताउनुभयो।

"त्यतिबेला जनतामा एक प्रकारको आक्रोश मनमा पैदा भइरहेको थियो। हामी संसद् भवनभित्र लड्दै थियौँ । जेनजी आन्दोलनको एक मात्र एजेण्डा सुशासनको स्पष्ट सन्देश थियो", उहाँले भन्नुभयो । युवाहरूले सुशासनको पक्षमा आवाज उठाउँदा गोली लागेर ज्यान जाने अवस्था आएको उहाँको भनाइ छ।


मन्त्री गौतमले आन्दोलनमा अमर भएका शहीदको विचार युगौँयुगसम्म बाच्ने र यो स्मृति सदाको लागि रहिरहने उल्लेख गर्नुभयो । "पहिला २३ गतेको घटना भएको त्यसपछि मात्रै २४ गते भएको हो । त्यो २३ गतेको घटनामा कोही पनि युवा सत्ता पल्टाउछु भनेर सडकमा गएका थिएनन्, सुशासनको माग गरेर सडकमा गएका थिए। त्यस कारणले २३ गते र २४ गतेलाई एउटै आँखाले हेर्न मिल्दैन", उहाँले भन्नुभयो। उहाँले जेनजी युवाका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै सोको कार्यान्वयनका लागि प्रयत्न गरिरहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा सांसदहरू सोम शर्मा, खगेन्द्र सुनार र शिव यादव, समाजका अध्यक्ष नारायण श्रेष्ठ, जेनजी नेपालका अध्यक्ष बादल राईलगायतले जेनजी आन्दोलनमा युवाले राखेका माग सुशासन कायम राख्नु र भ्रष्टाचार नियन्त्रण गर्नु रहेकाले यो माग पूरा गर्ने क्रममा सरकारसँगै सबै लाग्नुपर्नेमा जोड दिनुभयो। रासस

# 'बाढीपछि अन्तर्राष्ट्रिय सहयोग तत्कालै नलिएर सरकारले ठूलो कमजोरी गऱ्यो'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक माधव नेपालले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीलाई हिमालय विपत्तिका रूपमा अध्ययन गर्नुपर्ने बताएका छन्।



सिन्धुपाल्चोकमा मंगलबार सहसंयोजक नेपालले एक कार्यक्रममा बोल्दै बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको मूल्याङ्कन गर्दै पीडितको उद्धार, खोजी तथा पुनर्निर्माणमा सरकारले थप गम्भीरता देखाउनुपर्ने बताए। भोटेकोशी र रसुवा क्षेत्रमा आएको बाढी आफूहरूले समेत कल्पना नगरेको तहको रहेको उनको भनाइ छ।

सहसंयोजक नेपालले भने, 'हामी कसैले पनि यो तहको बाढी आउला भनेर चिताएका थिएनौँ। सम्भवतः संसारले पनि चिताएको थिएन । त्यसैले हाम्रो पार्टीको केन्द्रीय संयोजन समितिको बैठकमा समेत उक्त बाढी र त्यसको नामकरणका विषयमा गहन छलफल गरेका छौँ ।'

अझै पनि केही बेपत्ता व्यक्ति जीवितै फेला पर्न सक्ने सम्भावनालाई ध्यानमा राखेर खोजी कार्य जारी राख्न सरकारको ध्यानाकर्षण गराए।

सहसंयोजक नेपालले भने, '१२ दिनपछि मान्छे जिउँदो फेला पर्न सक्छ भने अझै पनि सम्भावना छ। त्यस कुरालाई विशेष महत्त्व दिएर त्यहाँ अझै खोजी कार्यलाई अघि बढाउन सरकारको ध्यान आकर्षित गर्न चाहन्छौँ ।'रासस

# 'सरकारमा हुनेहरूले जेनजी आन्दोलनबारे सत्यतथ्य समेटिएको प्रतिवेदन गायब पारे'

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले ठूलो षड्यन्त्र गरेर गत भदौ २३ गतेको जेनजी आन्दोलन हाइज्याक गरिएको दाबी गरेका छन्।

आज एक कार्यक्रममा सहभागी हुन सिन्धुपाल्चोक पुगेका प्रचण्डले जेन- जी आन्दोलनको अपहरणकारी को थिए ? भन्दै प्रश्न गरे।

संयोजक प्रचण्डले भने, 'त्यो घुसपैठ गर्ने को थिए? र तिनले अहिले देशलाई कहाँ पुऱ्याए? भन्ने कुरा त्यो विन्दुबाट गहिरो अध्ययन गर्नुपर्ने आवश्यकता छ। मलाई विश्वास छ समयको साथमा सत्यहरू उद्घाटित हुँदै जानेछन्।'

मानवअधिकार आयोग र सुरक्षा निकायहरूले तयार पारेका प्रतिवेदन अहिले सरकारमा हुनेहरूले गायब पारिएको आरोप लगाए।

उनले भने, 'म सुन्दै छु, आज मेरो कसैप्रति आरोप लगाउन अहिले चाहेको छैन। तर म यो फेरि भन्न आवश्यक ठानेको छु कि ती प्रतिवेदनहरू गायब पारिएका छन्। अहिले सरकारको जिम्मेवारीमा हुनेहरूले गायब पारेका छन् भन्ने आरोप लाग्ने गरेको छा सत्य तथ्य के हो ?'

उनले भदौ २४ गते विध्वंस कसले गऱ्यो ? भन्दै प्रश्न गरे।

# भारत-बंगलादेश रेलसेवा पुनः सञ्चालनबारे वार्ता

एएफपी । भारत र बंगलादेशले स्थगित यात्रु रेलसेवा पुनः सञ्चालन गर्ने विषयमा तीनदिने अन्तर-सरकारी रेलवे बैठक (आइजिआरएम) मार्फत वार्ता थालेका छन् ।

बङ्गलादेश रेलवेका अतिरिक्त महानिर्देशक (सञ्चालन) मोहम्मद नजमुल इस्लामले यात्रु रेलसेवा कहिले र कुन-कुन मार्गमा पुनः सञ्चालन गर्ने भन्ने निर्णय बैठकपछि मात्र हुने बताउनुभयो । उहाँका अनुसार मैत्री एक्सप्रेस, बन्धन एक्सप्रेस र मिताली एक्सप्रेस सन् २०२४ अगस्टदेखि सहभागी छन् । बैठकमा वित्तीय हिसाब, बक्यौता, सीमापार रेल आवागमन, परिचालन दक्षता, रेलका साधन तथा पूर्वाधार विकासलगायत विषयमा छलफल भइरहेको छ ।

सन् २०२४ मा शेख हसिनाको सरकार अपदस्थ भएपछि भारत-बङ्गलादेश सम्बन्धमा तनाव बढेसँगै यात्रु रेलसम्पर्क प्रभावित भएको थियो । सन् २०२६ फेब्रुअरीमा बङ्गलादेशमा नयाँ सरकार गठन भएपछि सम्बन्ध सुधार र आवागमन सहज बनाउने प्रयास अघि बढेको छ ।




स्थगित छन् । मालवाहक रेलसेवा भने निरन्तर सञ्चालनमा छ ।

बैठकमा भारतीय रेलवे बोर्डका सदस्य (ट्राफिक) सहितका अधिकारी तथा बङ्गलादेशका उच्च पदस्थ अधिकारी र मन्त्रालयका प्रतिनिधि

भारतले जुन २७ देखि बङ्गलादेशी नागरिकका लागि पर्यटक भिसा पुनः जारी गर्न थालेपछि यात्रु रेलसेवा पुनः सञ्चालनको मागसमेत बढेको छ । यही विषयलाई आईजीआरएम बैठकको प्रमुख एजेन्डा बनाइएको छ ।

# चीनको व्यापार वृद्धि तीव्र




एएफपी । चीनको आयात-निर्यात अगस्टमा उल्लेख्य रूपमा बढेको छ । विश्वव्यापी कृत्रिम बौद्धिकता (एआई) प्रविधिको विस्तारसँगै सेमिकन्डक्टर, कम्प्युटिङ हार्डवेयरलगायत प्रविधिजन्य वस्तुको माग बढ्दा चिनियाँ व्यापारले गति लिएको हो ।

भन्सारको सामान्य प्रशासनका अनुसार अगस्टमा चीनको निर्यात २५ प्रतिशतले बढेको छ । जुलाईमा यस्तो वृद्धि २३.९ प्रतिशत थियो । आयात पनि २८.२ प्रतिशतले बढेको छ । यो जुलाईको २७.५ प्रतिशतभन्दा बढी हो । घरेलु आर्थिक गतिविधि सुस्त भइरहेका बेला बलियो बाह्य व्यापार चीनको अर्थतन्त्रका लागि महत्त्वपूर्ण आधार बनेको छ । जनवरीदेखि अगस्टसम्म कम्प्युटर तथा सम्बन्धित सामग्रीको निर्यात मूल्य ४९.४ प्रतिशतले बढेको भन्सार तथ्याङ्कले देखाएको छ ।

पिनपोइन्ट एसेट म्यानेजमेन्टका अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेइ झाङले चीनले अर्थतन्त्रलाई सहयोग गर्न निर्यातमा निर्भरता कायम राखेको बताउनुभयो । तर प्रमुख व्यापारिक साझेदारसँग बढ्दो व्यापार अधिशेष राजनीतिक विषय बन्दै गएको उहाँले उल्लेख गर्नुभयो । अमेरिकातर्फ चीनको निर्यात अगस्टमा ३४.४ प्रतिशतले बढेको छ । जुलाईमा यस्तो वृद्धि १७ प्रतिशत थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच यसै महिना हुने अपेक्षित शिखर बैठकअघि व्यापारसम्बन्धी यो तथ्याङ्क सार्वजनिक भएको हो ।

गत वर्ष ट्रम्प प्रशासनले व्यापक भन्सार शुल्क लगाएपछि अमेरिका-चीन व्यापार सम्बन्धमा तनाव बढेको थियो । दुर्लभ खनिजको आपूर्ति चीनले सीमित गरेपछि दुवै देशले एकअर्काका वस्तुमा लगाएका उच्च शुल्क गत वर्षको अन्त्यतिर अस्थायी रूपमा खुकुलो पारिएका थिए ।

यसअघि विश्वव्यापी व्यापारमा उतारचढावका बाबजुद चीनले गत वर्ष ११० खर्ब अमेरिकी डलरको कीर्तिमानी व्यापार अधिशेष हासिल गरेको थियो । युरोपेली सङ्घ (इयु), दक्षिणपूर्वी एसिया र अफ्रिकातर्फको निर्यात वृद्धिले अमेरिकातर्फको निर्यातमा आएको गिरावटको प्रभाव कम गर्न मद्दत गरेको थियो ।

# प्रिमियर कपः
# नेपाल समूह विजेता




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल मलेसियामा जारी एसिसी प्रिमियर कपमा नेपाल हङकङसँग पराजित भएको छ । नेपाल हङकङसँग १५ रनले पराजित भएको छ । नेपाल यसअघि नै सेमिफाइनल पुगिसकेको थियो ।

हारका बाबजुद नेपालले समूह विजेता बनेको छ । यस जितसँगै हकक‌ङ पनि सेमिफाइनल पुगेको छ ।

जितको लागि २ सय ६२ रनको चुनौती पछाएको नेपाल ४९.१ ओभरमा सबै विकेट गुमाउँदै २ सय ४६ रनमा समेटिएको थियो ।

अर्जुन कुमल र आशिफ शेखले पहिलो विकेटको लागि ४४ रनको साझेदारी गरेका थिए । अर्जुन १४ रनमा आउट भएका थिए । यसपछि आशिफ ४४ रनमा आउट हुँदा नेपालले ६९ रन बनाएको थियो ।

लगत्तै देव खनाल पनि ६ रनमा पबिलोयन फर्किएका थिए । यसपछि इशान पाण्डे क्रिजमा जमे भने अन्य खेलाडीहरू सस्तो रन रेटमा आउट हुन पुगेका थिए । रोहित ३ रनमा, दीपेन्द्र सिंह ऐरी २५ रनमा, गुल्सन झा २० रनमा, करण केसी २१ रनमा, सन्दीप लामिछाने २ रनमा आउट भएका थिए । यतिखेर नेपालले २ सय ३९ रन बनाउँदा ८ विकेट गुमाइसकेको थियो ।

अर्धशतक बनाएर क्रिजमा टिकेका इशान ९० रन जोडेर नवौं विकेटको रूपमा आउट भएका थिए । उनले १ सय ६ बल खेल्दै ६ चौका र २ चौका सहित ९० रनको पारी खेलेका हुन्। तर उनी आउट भएसँगै नेपाल हार नजिक पुगेको थियो ।

नेपालले २ सय ४१ रन जोड्दा इशानलाई गुमाएको थियो । यसपछि ललित १ रन जोडेर आउट भएसँगै नेपाल २ सय ४६ रनमा समेटिएको थियो ।

बलिङमा ऐजाज खानले १० ओभर बलिङ गर्दै ५० रन दिएर ४ विकेट लिए। यासिम मुर्ताजाले २ विकेट झारेका थिए ।

यसअघि टस जितेर ब्याटिङ रोजेको हङकङले बाबर हायतको नटआउट शतकसहित ७ विकेट गुमाएर २ सय ६१ रन बनाएको थियो ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले ४ र शेर मल्लले ३ विकेट लिएका थिए ।

तेस्रो नम्बरमा ब्याटिङ गरेका बाबरले १ सय २६ बलमा समान ७ छक्का र चौका प्रहार गरेका थिए ।


बाबर र इशान खानले आठौं विकेटका लागि १ सय २८ रनको नटआउट साझेदारी गर्दै टोलीलाई बलियो अवस्थामा पुऱ्याए। इशानले ४६ बलमा ५ चौकासहित नटआउट ३५ रन बनाएका थिए ।

शहिद वासिफले ४९ बलमा ७ चौकासहित ४५ रन जोडे। ओपनर जिशन अलिले १५ र अंशुमन रथले १३ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

सुरुवाती ३ खेल जित्दै नेपालले अन्तिम चारको यात्रा तय गरिसकेको थियो । मंगलबार पराजित भए पनि ६ अंक सहित रन रेटको आधारमा नेपाल समिह विजेता बनेको हो। हङकङसँग पनि समान ६ अंक रहेको छ ।

अब नेपालले सेमिफाइनलमा समूह 'बी' को उपविजेता ओमानसँग खेल्ने भएको छ ।

# ब्रिक्समा भारतको नयाँ एजेन्डा




एएफपी । भारतले सेप्टेम्बर १२ र १३ मा नयाँदिल्लीमा आयोजना गर्ने १८औं ब्रिक्स शिखर सम्मेलनमार्फत व्यापार, प्रविधि, स्वास्थ्य, ऊर्जा, कृषि र जलवायु क्षेत्रमा व्यावहारिक सहकार्यलाई प्राथमिकता दिने भएको छ । भारतको सन् २०२६ को अध्यक्षता 'लचिलोपन, नवीनता, सहयोग र दिगोपनका लागि निर्माण' भन्ने मूल विषयमा केन्द्रित छ ।

सन् २००६ मा ब्राजिल, रुस, भारत र चीनबाट सुरु भएको ब्रिक समूह दक्षिण अफ्रिका थपिएपछि सन् २०११ मा ब्रिक्स बनेको थियो । सन् २०२४ मा इजिप्ट, इथियोपिया, इरान, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स तथा सन् २०२५ मा इन्डोनेसिया थपिएपछि अहिले यसमा ११ पूर्ण सदस्य राष्ट्र छन् ।

भारतले अध्यक्षताका क्रममा ब्रिक्सलाई राजनीतिक समन्वयमा मात्र सीमित नराखी आर्थिक र विकाससम्बन्धी ठोस सहकार्यको मञ्चका रूपमा अघि बढाउने लक्ष्य लिएको छ। यसका लागि लचिलोपन, नवीनता, सहयोग र दिगोपनलाई चार प्रमुख स्तम्भ बनाइएको छ ।

आर्थिक क्षेत्रमा ब्रिक्स आर्थिक साझेदारी २०३० को रणनीति, विश्व व्यापार सङ्गठनमा आधारित बहुपक्षीय व्यापार प्रणाली तथा आपूर्ति शृङ्खला सुदृढीकरणलाई प्राथमिकता दिइएको छ । साना तथा मझौला उद्यमलाई व्यापार वित्त उपलब्ध गराउन इनभ्वाइस डिस्काउन्टिङ संयन्त्र र सदस्य राष्ट्रका प्रविधि केन्द्र तथा वित्तीय संस्थाबीच सहकार्यका लागि एमएसएमई पोर्टल प्रस्ताव गरिएको छ ।

नवप्रवर्तनतर्फ स्टार्टअप इन्क्युबेटरलाई जोड्ने नेटवर्क र नयाँ उद्यमका लागि वित्तीय सहयोग जुटाउने स्टार्टअप इनोभेसन फन्ड प्रस्ताव गरिएको छ । कृषिमा कृत्रिम बौद्धिकता, भू-स्थानिक प्रविधि र डिजिटल पूर्वाधारको प्रयोग तथा बिउ र कृषि सामग्रीमा सहकार्य बढाउने पहल अघि बढाइएको छ ।

स्वास्थ्य क्षेत्रमा विश्वव्यापी स्वास्थ्य पहुँच, महामारीको तयारी, डिजिटल स्वास्थ्य र सस्तो औषधिमा सहकार्यसँगै मानसिक स्वास्थ्यका लागि समेत समन्वय संयन्त्र निर्माणको पहल गरिएको छ ।

ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै स्मार्ट ग्रिड, ऊर्जा भण्डारण, नवीकरणीय ऊर्जा, हाइड्रोजन, जैविक इन्धन, महत्त्वपूर्ण खनिज र कार्बन कब्जा प्रविधिमा सहकार्य अघि बढाउने योजना छ । जलवायु-लचिलो सहरी पूर्वाधार, हरित वित्त र ऊर्जा सङ्क्रमणलाई समेत भारतले प्राथमिकतामा राखेको छ ।

भारतले यी पहललाई शिखर सम्मेलनमा मात्र सीमित नराखी दीर्घकालीन रूपमा कार्यान्वयन गर्दै ब्रिक्समार्फत दिगो विकास र विश्वव्यापी शासनमा आफ्नो भूमिका थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ ।

# हंगेरीद्वारा १० रूसी कूटनीतिज्ञलाई देश छोड्न आदेश

एएफपी । हंगेरीले कूटनीतिज्ञका लागि अस्वीकार्य मानिएका गतिविधिमा सङ्लग्न भएको आरोपमा रुसी कूटनीतिक नियोगका १० सदस्यलाई देश छोड्न आदेश दिएको छ । विदेशमन्त्री अनिता ओर्बानले मङ्गलबार यसबारे जानकारी दिनुभएको हो ।

विदेशमन्त्री ओर्बानले रुसी कूटनीतिज्ञले कस्ता गतिविधि गरेका थिए भन्नेबारे विस्तृत जानकारी दिनुभएन् । उनीहरूले कति समयभित्र हङ्गेरी छोड्नुपर्ने हो भन्ने पनि स्पष्ट पारिएको छैन ।

उहाँका अनुसार रुसी राजदूतलाई हङ्गेरीका अधिकारीको मूल्याङ्कनअनुसार रुसी नियोगका १० सदस्यले हङ्गेरीमा कूटनीतिक सम्बन्धसम्बन्धी भियना महासन्धिअन्तर्गत कूटनीतिज्ञका लागि अस्वीकार्य गतिविधि गरेको जानकारी दिइएको थियो ।

भियना महासन्धिले कूटनीतिज्ञको आचरण, अधिकार र जिम्मेवारीसम्बन्धी अन्तरराष्ट्रिय नियम निर्धारण गर्छ ।

विदेशमन्त्रीले यो निर्णयले हङ्गेरीको सुरक्षा र सार्वभौमिकताको रक्षा गर्ने बताउनुभयो । यद्यपि, यसबाट रूससँगको कूटनीतिक सम्बन्ध तोड्ने सङ्केत नरहेको उहाँले स्पष्ट पार्नुभयो ।

"यसले रूससँग कूटनीतिक सम्बन्ध तोड्ने सङ्केत गर्दैन । हङ्गेरी पारस्परिक सम्मान र नियमको पालनामा आधारित आवश्यक संवाद जारी राख्न चाहन्छ," उहाँले विज्ञप्तिमा भन्नुभयो ।


यो कदम प्रधानमन्त्री पिटर मग्यार नेतृत्वको सरकारको रूससम्बन्धी नीतिमा आएको परिवर्तनका रूपमा हेरिएको छ । मग्यारले यस वर्षको सुरुमा पदभार ग्रहण गर्दा हङ्गेरीको रूस समर्थक नीति अन्त्य गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

यसअघिका प्रधानमन्त्री भिक्टर ओर्बानलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका सहयोगीका रूपमा हेरिन्थ्यो । उहाँको कार्यकालमा हङ्गेरीले रूसमाथि युरोपेली सङ्घले लगाएका केही प्रतिबन्धलाई ढिलाइ गर्ने वा अवरुद्ध गर्ने प्रयास गरेको थियो । साथै, रूससँग ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्झौतालाई पनि अघि बढाइएको थियो ।

# एसियाडमा डान्स स्पोर्टसको सहभागिता नहुने

**टुडे समाचारदाता**

काठमाण्डु । जापानमा हुने २० औं एसियन खेलकुद (एसियाड) मा नेपालबाट डान्स स्पोर्ट्सको सहभागिता नहुने जनाएको छ । यससंगै नेपालले भाग लिने खेल संख्या २१ हुने भएको छ ।




सरकारले यसअघि एसियाडमा २२ खेलले भाग लिने गर्दा डान्स एन्ड स्पोर्टस पनि समावेश थियो । डान्स एन्ड स्पोर्ट्सको बी-बोइङ्गमा सुनिल बोम्जनले भाग लिने निर्णय भएको थियो । पछिल्लो समय उनी बन्द प्रशिक्षणमा समेत रहेका थिए ।

राष्ट्रिय खेलकुद परिषद् का सदस्य सचिव रामचरित्र मेहताले प्राविधिक कारण डान्स एण्ड स्पोर्ट्सका सुनिलले एसियाड नखेल्ने बताएका थिए । सदस्य सचिवले प्राविधिक कारण भने पनि उनलाई अनुशासनको कारबाही गरिएको बुझिएको छ ।

यसैगरी उसुका खेलाडी मनोज पण्डितले भने स्वास्थ्यको कारण एसियाड गुमाएका छन् । उनले सान्सौको ६० केजी तौल समुहमा खेल्ने तय भएको थियो ।

यससंगै अब २१ खेलका १ सय ३५ नेपाली खेलाडीले एसियाडमा भाग लिने भएका छन् । एसियाड असोज ३ गते शुरु हुने भएको छ ।

# जर्मनीमा अति-दक्षिणपन्थीको बढ्दो प्रभाव



एएफपी । जर्मनीको साक्सोनी-आनहाल्ट राज्यमा अति-दक्षिणपन्थीपार्टीअल्टरनेटिभ फर जर्मनी (एएफडी) ले ठूलो चुनावी सफलता हासिल गरेपछि चान्सलर फ्रेडरिक मर्जमाथि दबाब बढेको छ । आफ्नो पार्टीको परिणामलाई गम्भीर धक्का बताउनुभएका मर्जले भने देशको अर्थतन्त्र सुधारका लागि आवश्यक कदमबाट पछि नहट्ने स्पष्ट पार्नुभएको छ ।

आइतबारको निर्वाचनमा एएफडी बहुमतका लागि आवश्यक सङ्ख्याभन्दा तीन सिट मात्र पछाडि रहँदै सबैभन्दा ठूलो दल बनेको छ । यो परिणामले नाजी शासनपछि पहिलोपटक अति-दक्षिणपन्थी दललाई जर्मनीको कुनै राज्य सरकारको नेतृत्व गर्ने सम्भावनानजिक पुऱ्याएको छ । एएफडीको राज्य शाखालाई घरेलु गुप्तचर निकायले दक्षिणपन्थी चरमपन्थी समूहका रूपमा वर्गीकरण गरेको छ ।

मर्जले आफ्नो क्रिश्चियन डेमोक्रेटिक युनियन (सिडियु) को परिणामलाई 'दशकौँयताकै सबैभन्दा गम्भीर चुनावी हार' भन्दै आफूलाई 'गहिरो आघात' पुगेको बताउनुभयो । तर उहाँले 'त्याग्नु विकल्प नभएको' स्पष्ट गर्दै सुधारको बाटोमा अघि बढिरहने प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

सरकारप्रतिको असन्तुष्टि, सुस्त अर्थतन्त्र र गठबन्धनभित्रको विवादका बीच एएफडीको समर्थन बढेको हो । मर्जले पेन्सन प्रणालीलगायत क्षेत्रमा आधारभूत सुधार आवश्यक रहेको बताउँदै ती कदम देशको भविष्य र भावी पुस्ताका अवसरसँग जोडिएको उल्लेख गर्नुभयो ।

युक्रेनमाथि रुसको निरन्तर आक्रमण र नेटो राष्ट्रमा भएका भनिएका तोडफोडका घटनाबीच मर्जले जर्मनी आफ्नो लोकतान्त्रिक मूल्य र संविधानप्रति अडिग रहने बताउनुभएको छ । उहाँले रुसविरुद्ध युक्रेनलाई दिइँदै आएको समर्थनमा पनि परिवर्तन नहुने स्पष्ट पार्नुभयो ।

> मर्जले आफ्नो क्रिश्चियन डेमोक्रेटिक युनियन (सिडियु) को परिणामलाई 'दशकौँयताकै सबैभन्दा गम्भीर चुनावी हार' भन्दै आफूलाई 'गहिरो आघात' पुगेको बताउनुभयो ।

जर्मनीका प्रमुख राजनीतिक दलहरूले एएफडीसँग सहकार्य नगर्ने 'फायरवाल' नीति अपनाउँदै आएका छन् । तर साक्सोनी-आनहाल्टमा एएफडीका मुख्यमन्त्रीका उम्मेदवार उलरिच सिग्मन्डले सरकार गठनका लागि स्पष्ट जनादेश प्राप्त भएको दाबी गर्नुभएको छ । उहाँले अन्य दलका समूह तथा स्वतन्त्र सांसदसँग सम्पर्क गरी स्थिर बहुमत बनाउने बताउनुभएको छ ।

एएफडीले रुसप्रति नरम धारणा राख्ने वामपन्थी बिएसडब्लुसँग सहकार्यको सम्भावना खोज्न सक्छ । बिएसडब्लुले पाँच सिट जितेको छ र एएफडीविरुद्धको 'फायरवाल' को आलोचना गर्दै आएको छ । अन्य दलका सांसद एएफडीमा प्रवेश गरेमा पनि सरकार गठनका लागि आवश्यक सङ्ख्या पुग्न सक्ने सम्भावना छ ।

एएफडीको सफलतापछि अर्बपति एलन मस्कसहित केही दक्षिणपन्थी नेताले बधाई दिएका छन् । रुसी राष्ट्रपति कार्यालयका दूत किरिल दिमित्रीभले परिणामलाई 'ऐतिहासिक विजय' बताउनुभएको छ । तर पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्क र फ्रान्सेली विदेशमन्त्री जिन-नोएल बारोटले एएफडीको उदयप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

जर्मनीमा आगामी सेप्टेम्बर २० मा बर्लिन र मेक्लेनबर्ग-वेस्टर्न पोमेरेनियामा क्षेत्रीय निर्वाचन हुँदैछ । ती दुवै स्थानमा पनि एएफडी बलियो रहेको मानिन्छ । एएफडीको समर्थन नगर्ने ८६ वर्षीय म्याग्डेबर्गवासी होर्स्ट वाल्टर बोर्नरले निर्वाचन परिणामलाई 'डरलाग्दो' भन्दै 'यो कहिल्यै हुनु हुँदैन थियो' भन्नुभयो ।

# उद्धार कोषमा एनभिएलको टिकट बिक्रीबाट संकलित रकम

**टुडे समाचारदाता**

काठमाण्डु । केडिया ग्रुपको आयोजना भइरहेको एक्सट्रिम इनर्जी डिंक्स नेपाल भलिबल लिग (एनभिएल) को पहिलो दिनको टिकट बिक्रीबाट संकलन भएको रकम ५ लाख ९० हजार १ सय ५० रुपैयाँ बाढी पीडितको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गरिएको छ ।



एनभिएल सुरु हुन अघि नै आयोजकले रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण पीडितको उद्धार, उपचार र पुनर्स्थापना अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले पहिलो दिनको टिकट बिक्रीबाट संकलन हुने सम्पूर्ण रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने प्रतिबद्धता जनाएको थियौं । सोही प्रतिबद्धता अनुरुप ५ लाख ९० हजार १ सय ५० रुपैयाँ कोषमा जम्मा गरिएको छ ।

केडिया ग्रुपका अध्यक्ष विमलकुमार केडियाले उक्त रकम बराबरको चेक अर्थ मन्त्री डा. स्वर्णिम वाग्लेलाई सिंहदरबार हस्तान्तरण गरेका थिए ।

सो अवसरमा एनभिएलका प्रबन्ध निर्देशक अश्विन केडिया, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, एनभिएलका प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष उपाध्याय र सिओओ विकास खेतानको पनि उपस्थिति थियो ।

एक्सट्रिम इनर्जी ड्रिंकको मुख्य प्रायोजन, नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ टोली सहभागी छन् ।

सिंगल राउन्ड रोबिन लिगपछि शीर्ष टोली फाइनलमा प्रवेश गर्ने छ । दोस्रो र तेस्रो रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्ने छन् ।

एनभिएलको कुल पुरस्कार राशी ३२ लाख रुपैयाँ रहेको छ । यो पुरस्कार नेपाली भलिबलकै इतिहासमा हालसम्मकै सर्वाधिक हो । विजेताले २० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्ने छ ।

# मेला जोगाउन बभाङमा भलिबल प्रतियोगिता अनिवार्य



बभाङ । बभाङमा मेलाको संरक्षण गर्ने अभिप्रायले भलिबल प्रतियोगिता अनिवार्य गरिएको छ । 'हरेलो', 'विरिजात' र विर्सती जस्ता मेलाहरुको जगेर्णा गर्ने उद्देश्यले प्रतियोगितालाई अनिवार्य बनाइएको हो ।

सुदूरपश्चिमा 'हरेलो', 'विरिजात' र विर्सती मेलालाई साँस्कृतिक पर्वका रुपमा धारण गरिन्छ । मेलामा युवाहरुको आर्कषण घट्दै गएपछि उनीहरुलाई संस्कृति सँग जोड्ने उद्देश्यले यहाँका स्थानीय निकायले भलिबल प्रतियोगिताको आयोजना अनिवार्य गरेका छन् ।

कुनै समय जात्रा र मेला भन्नासाथ देउडा, स्थानीय नाचगान तथा सन्देशमुलक सडक नाटकमा आर्कषित हुने बभाङगीहरु अहिले भलिवल खेलप्रति आर्कषण भएका छन् ।

स्थानीय युवादेखि शिक्षक, कर्मचारी र विभिन्न संस्थामा आबद्ध व्यक्तिसम्म प्रतियोगितामा सहभागी हुन थालेपछि बभाङका मेला-जात्रा केवल मनोरञ्जन र धार्मिक गतिविधिमा सीमित नरही खेलकुद र सामाजिक एकताको थलो बन्दै गएको छ ।

पछिल्ला दुई सातामा चार ठूला खेलले भलिबलमय मेला बनेका छन् । यहि भदौ ७ गते मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको १५० औं जन्मजयन्ती थियो । सोही अवसरमा जयपृथ्वी बहुमुखी क्याम्पस, भोपुरले 'जयपृथ्वी भलिबल कप-२०८३' आयोजना गर्‍यो ।

चौतीस टोली मैदानमा उत्रिए । विजेताले रु एक लाख १०५ नगदसहित ट्रूफी प्राप्त गरे । उपविजेतालाई ६० हजार १०५ प्रदान गरियो । जयपृथ्वी भलिवल कप सकिएको भोलिपल्टै सुर्मा गाउँपालिमामा लाग्ने सुर्मादेवी विरिजात सुरु भयो । मेलामा सधैं आकर्षक भइरहने फाग, माङ्गल नाच यो पटक भलिबलले ओझेलमा पार्‍यो । खुला पुरुष तथा महिला भलिबल प्रतियोगिताले मैदानमा दर्शक झुम्मिन थाले । मूल पूजा हुने पाँकरजडीमा समेत श्रद्धालु पातलिए ।

रु एक लाख ३५ हजार पुरस्कार राखेको पुरुष भलिवलमा ३५ टिम सहभागी भए । रु ६५ हजार महिलाको पहिलो पुरस्कारका लागि दर्जन बढी टिम सहभागी थिए । धार्मिक तथा सास्कृतिक महत्व बोकेको विरिजातमा देउडा, नृत्य, झाँकीसँगै ठाँकनाच प्रतियोगितासमेत गरिएको थियो । गएको शनिबारदेखि मष्टा गाउँपालिका-६, रिलुमा लागेको हरेलो मेलामा पनि भलिबल प्रतियोगिता भयो । प्रतियोगितामा पुरुषतर्फ २६ टोली र महिलातर्फ १२ टोली सहभागी थिए ।

'वडाध्यक्ष कप' नाम दिइएको प्रतियोगितामा जिल्लाका विभिन्न वडाका टोलीले सहभागिता जनाए । प्रतियोगितामा पुरुषतर्फ प्रथम हुने टोलीले रु एक लाख, महिलातर्फ प्रथम हुने टोलीले रु ६० हजार प्राप्त गरे ।

एउटै मेलामा पुरुष र महिलाका गरी ३८ टोली मैदानमा उत्रिनुले बभाङमा भलिबलप्रतिको बढ्दो आकर्षणलाई मात्रै देखाउँदैन, महिला खेलाडीको सहभागिता र अवसर विस्तार हुँदै गएको सङ्केत गर्छ । बभाङको बिर्सती मेलाले सुदूरपश्चिमको धार्मिक तथा सांस्कृतिक महत्व बोकेको छ । तर, यो वर्ष बभाङीले 'बिर्सती' भलिबल प्रतियोगिताको आयोजना गरे । बभाङको दुर्गाथली र छबिसपाथिभेरा गाँउपालिकाको बीचमा पर्ने (बिसौनाचौर) क्षेत्रमा प्रत्येक वर्ष भदौ १८ देखि २१ गतेसम्म मनाइन्छ यो मेला ।

संस्कृति लोप हुन नदिने उद्देश्यले मेलाको नाम बाट बभाङमा आइतबारदेखि 'बिर्सती' भलिबल प्रतियोगिताको आयोजना गरियो । प्रतियोगितामा पुरुषतर्फ प्रथम हुने टोलीले रु दुई लाख दुई हजार १२१, द्वितीयले रु एक लाख दुई हजार १२१, तृतीयले ५० हजार १२१ र सान्त्वना हुने टोलीले रु १५ हजार १२१ पाउनेछन् । उन्नाइस टिम सहभागी छन् ।

महिलातर्फ प्रथम पुरस्कार ५० हजार १२१, द्वितीय २५ हजार १२१, तृतीय १२ हजार १२१ र सान्त्वना पुरस्कार रु छ हजार १२१ प्राप्त गर्नेछन् । महिलातर्फ पनि ११ टिमले उपस्थिति जनाएको छ ।

बभाङका गाउँघरमा मेला-जात्रा आफैंमा सामाजिक पुनर्मिलनका अवसर हुन् । रोजगारी, अध्ययन वा अन्य कारणले गाउँबाहिर रहेका युवा पनि मेला-जात्राका अवसरमा गाउँ फर्किन्छन् । बिर्सतीका भलिबल सह संयोजक अर्जुन दौल्यालका अनुसार एउटा गाउँको टोली अर्को गाउँमा पुग्छ । स्थानीय दर्शकले बाहिरबाट आएका खेलाडीको खेल हेर्छन् । खेलपछि प्रतिस्पर्धीहरू फेरि साथी बन्छन् ।

जितको खुसी र हारको अनुभवसँगै आपसी चिनजान र सम्बन्ध पनि विस्तार हुन्छ । भलिबलको ईश्वर हमाल बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "यसरी हेर्दा एउटा भलिबल प्रतियोगिताले खेलाडी, दर्शक, आयोजक र स्थानीय व्यवसायी सबैलाई जोड्ने काम गरिरहेको छ ।"

### महिला खेलाडी पनि मैदानमा

बभाङका मेला-जात्रामा महिला भलिबल प्रतियोगिता समावेश हुनु अर्को सकारात्मक पक्ष हो । परम्परागत रूपमा महिलाको सहभागिता सांस्कृतिक कार्यक्रम, देउडा वा धार्मिक गतिविधिमा बढी देखिने जिल्लामा अहिले महिला खेलाडी पनि भलिबलको मैदानमा प्रतिस्पर्धा गर्न थालेका छन् ।

हरेलो, विरिजात र बिर्सती मेलामा मात्रै तीन दर्जनभन्दा बढी महिलाले प्रतिष्पर्धा गरे । यसले गाउँका किशोरी तथा युवतीलाई खेलकुदमा लाग्न प्रेरित गर्नुका साथै प्रतिस्पर्धा, आत्मविश्वास र नेतृत्वको अवसर समेत प्रदान गरेको छ ।

### संस्कृतिसाग खेलकुदको सहयात्रा

बभाङको मौलिक संस्कृति देउडा, जात्रा, मेला, नाचगान र धार्मिक परम्परासँग गहिरोसँग जोडिएको छ । पछिल्लो समय त्यसैमा भलिबल थपिन थालेको छ । यसलाई कतिपयले परम्परामा आधुनिकताको प्रवेशका रूपमा हेरेका छन् भने कतिपयले संस्कृति जोगाउँदै नयाँ पुस्तालाई जोड्ने माध्यमका रूपमा लिएका छन् ।

मेला-जात्रामा बढ्दै गएको भलिबलको आकर्षणलाई व्यवस्थित गर्न सके बभाङमा खेलकुद पर्यटनको सम्भावना पनि देखिने खप्तडछान्ना ५ का लोकराज जोशी बताउनुहुन्छ ।

देशका विभिन्न ठाउँबाट टोलीहरू प्रतियोगितामा आउन थाले भने उनीहरूले स्थानीय संस्कृति, प्राकृतिक सौन्दर्य र धार्मिकस्थलसमेत अवलोकन गर्ने अवसर पाउने उहाँ बताउनुहुन्छ । खेलाडी र दर्शकको आवागमनले स्थानीय होटल, यातायात, पसल तथा अन्य व्यवसायमा आर्थिक गतिविधि बढाउन सकिने उहाँले बताउनुभयो ।

प्रतियोगितालाई व्यवस्थित, नियमित र पारदर्शी बनाउनु आवश्यक रहेको उहाँले बताउनुभयो । मैदान, खेल सामग्री, रेफ्री, खेलाडीको सुरक्षा, पुरस्कार वितरण र व्यवस्थापनमा ध्यान दिन सके बभाङका मेला राष्ट्रियस्तरका खेलकुद कार्यक्रमका रूपमा स्थापित हुन सक्ने बताइन्छ ।

> **रु एक लाख ३५ हजार पुरस्कार राखेको पुरुष भलिवलमा ३५ टिम सहभागी भए । रु ६५ हजार महिलाको पहिलो पुरस्कारका लागि दर्जन बढी टिम सहभागी थिए । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको विरिजातमा देउडा, नृत्य, झाँकीसँगै ठाँकनाच प्रतियोगितासमेत गरिएको थियो । गएको शनिबारदेखि मष्टा गाउँपालिका-६, रिलुमा लागेको हरेलो मेलामा पनि भलिबल प्रतियोगिता भयो । प्रतियोगितामा पुरुषतर्फ २६ टोली र महिलातर्फ १२ टोली सहभागी थिए ।**

मैदान केवल खेल हुने ठाउँ होइन, सम्बन्ध गाँसिने ठाउँ पनि बन्न थालेको उहाँ बताउनुहुन्छ ।

### पुरस्कारभन्दा ठूलो सहभागिता

बभाङका मेला-जात्रामा भलिबल प्रतियोगिताको पुरस्कार राशि पनि पछिल्लो समय आकर्षक बन्दै गएको छ । कतिपय प्रतियोगितामा लाखौं रुपैयाँसम्म पुरस्कार राखिँदा जिल्लाभित्रका मात्रै नभई बाहिरका खेलाडी तथा टोलीलाई समेत आकर्षित गर्न थालेको छ । आयोजकका लागि पुरस्कारभन्दा ठूलो विषय सहभागिता र मेलाको आकर्षण हुन्छ ।

भलिबल प्रतियोगिता आयोजना गर्दा स्थानीय युवाले खेल्ने अवसर पाउँछन् । नयाँ खेलाडीले आफूलाई परीक्षण गर्ने मौका पाउँछन् । दर्शकले मनोरञ्जन पाउँछन् । आयोजकले मेलामा थप भीड आकर्षित गर्न सक्छन् । स्थानीय व्यापार-व्यवसायमा समेत यसको सकारात्मक प्रभाव पर्ने भन्दै गाउँ गाउँमा खेलहरु हुने गरेको जयपृथ्वी बहुमुखी क्याम्पसका उप प्राध्यापक

### जात्रैपिच्छे खेल, गाउगाउमा उत्साह

बभाङमा अहिले देखिएको दृश्य केवल एउटा प्रतियोगिताको कथा होइन । जयपृथ्वी भलिबल कपमा ३४ टोली, हरेलो मेलामा ३८ टोली तथा बिर्सतीमा ३० टोली, विरिजात ३२ टोली मेलामा छुट्टाछुट्टै महिला-पुरुष भलिबल प्रतियोगितामा सहभागी हुनु भनेको मेला र खेलकुदबीचको सम्बन्ध बलियो हुँदै गएको देखाउँछन् ।

"कुनै समय जात्राको मुख्य आकर्षण देउडा र नाचगान हुन्थ्यो," सत्यवादी माध्यमिक विद्यालयका प्रधानाध्यापक खगेन्द्रप्रसाद जोशीले भन्नुभयो, "अहिले त्यससँगै भलिबलको आवाज पनि मिसिन थालेको छ ।

गाउँका खेल मैदानमा पोल गाडिँदा बालबालिकादेखि वृद्धसम्मको ध्यान त्यतातिर जान थालेको छ । खेलाडी मैदानमा पस्दा दर्शकको भीड बढ्छ । हरेक अङ्कसँगै हुटिङ हुन्छ । जित्दा खुसी र हार्दा अर्को पटक अझ राम्रो गर्ने उत्साह जन्मिन्छ ।" रासस

# राहत रकम दाखिला गर्ने दाताहरु बढ्दै



काठमाण्डु । भोटेकोशी बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापना गर्न प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रकम दाखिला गर्ने दाताहरुको सङ्ख्या बढ्दै गएको छ ।

काठमाडौँ : नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाईमा) ले अर्थमन्त्री डा वाग्लेमार्फत रु ५० लाख प्रधानमन्त्री दैविप्रकोप राहत कोषमा जम्मा गरेको छ । उक्त रकम नाइमाकी अध्यक्ष ऋतुसिंह वैद्यले आज अर्थमन्त्रीलाई प्रदान गर्नुभएको हो ।

सहयोग हस्तान्तरण कार्यक्रममा नाइमाका बोर्ड सदस्यद्धय यमुना श्रेष्ठ र हेमन्त गोल्छा, कार्यकारी निर्देशक राजकुमार दुलाललगायतको सहभागिता थियो । नेपाल भलिबल लिग (एनभिएल) ले पहिलो दिनको टिकट बिक्रीबाट जम्मा भएको रु पाँच लाख ९० हजार १५० राहत कोषमा दाखिला गरेको छ ।

भोजपुरः हतुवागढी गाउँपालिकाले रु २४ लाख ५३ हजार ५०४ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको छ । पालिकाले उक्त रकम जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीको मासिक तलबबाट सङ्कलन गरी जम्मा गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिनुभयो ।

चितवनः कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकाले रु ४६ लाख राहत कोषम जम्मा गरेका छन् । पालिकाले उक्त रकम जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्यकर्मीको मासिक तलबबाट सङ्कलन गरी जम्मा गरिएको इच्छाकामना गाउँपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिनुभयो ।

गाउँपालिकाले भोटेकोशी बाढीमा परी बेपत्ता भएका परिवारको खोजीका लागि थप जनही रु २५ हजार सहयोग गर्नेभएको छ । पालिकाले आफ्नो पालिकामा स्थायी बसोबास भई भोटेकोशी नदीको बाढीमा परी बेपत्ता भएकाको खोजीका लागि सहयोग गर्न लागेको हो ।

चितवनका ७५० कैदीबन्दीले भोटेकोशी बाढीबाट प्रभावित १२५ परिवारलाई रु तीन लाख ६७ हजार ३६ बराबरको बन्दो बस्तीका सामान खरिद गरी सहयोग गरेका छन् । प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई सोमबार कारागार परिषरभित्र बन्दीहरुले उक्त सामाग्री हस्तान्तरण गरेका हुन । उहाँहरुले डसना, ब्लाङ्केट, तन्ना, सिरानी, सिरानीको खोल, गम्छा, नङ्कटर, साबुन, ब्रस, मञ्जन र काहियो उपलब्ध गराएका छन् ।

वीरगञ्जः पर्सा जिल्लाका दुई मेडिकल कलेजले संयुक्त रुपमा रु ७५ लाख राहत कोषमा दाखिला गरेका छन् । नेशनल मेडिकल कलेज वीरगञ्ज र नेपाल मेडिकल कलेज, काठमाडौँले उक्त रकम जम्मा गरेको नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारीले जानकारी दिनुभयो ।

वीरगञ्ज सुनचाँदी व्यवसायी तथा समाजसेवी नीरज सर्राफले रु दुई लाख ५१ हजार राहत कोषमा दाखिला गरेका छन् । साउथ जोन माध्यमिक विद्यालयले रु एक लाख ५५ हजार ५५३ कोषमा जम्मा गरेका छन् ।

उक्त रकम सो विद्यालयमा पढ्ने विद्यार्थी, अभिभावक तथा कर्मचारी एवं शिक्षकको स्वेच्छिक सहयोगबाट सङ्कलन गरिएको हो ।

यहाँका विभिन्न क्लबले जम्मा गरेका रु ९५ हजार ७८३ कोषमा जम्मा गरिएको छ । हुम्लाः बाढीपीडितको राहतका लागि हेड नेपाल, हुम्लाले रु ५१ हजार १११ राहत कोषमा दाखिला गरेको हेड नेपाल, हुम्लाका प्रमुख छिटुप लामाले बताउनुभयो । उक्त रकम जिल्ला प्रशासन कार्यालय, हुम्लामार्फत औपचारिक रूपमा कोषमा हस्तान्तरण गरिएको हो ।

बागलुङ : काठेखोला गाउँपालिकाको समन्वयमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु छ लाख एक हजार २७५ कोषमा दाखिला भएको छ । बिहुँकोट अन्तरराष्ट्रिय समाज, बिहुँकोटले रु पाँच लाख तथा काठेखोला गाउँपालिका-२ भीमापोखराका जनप्रतिनिधि, स्थानीय आमा समूह, वन उपभोक्ता समिति, सामुदायिक समूह तथा समाजसेवीबाट रु एक लाख एक हजार २७५ गरी कूल छ लाख एक हजार २७५ कोषमा दाखिला गरिएको गाउँपालिका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । रासस

# भोटेकोशी बाढीका कारण गत्लाङका किसान थप चिन्तित

रसुवा । रसुवामा गएको बाढीले सडक सञ्जाल बगाएपछि गत्लाङका बन्दागोभी किसान चिन्तित भएका छन् । तरकारीको व्यावसायिक खती गर्दै आएका आमाछोदिङमो गाउँपालिका-व ३ गत्लाङका करिब ५०० घरधुरीका किसानलाई सडक सञ्जालको अभावमा तयार हुनलागेको बन्दागोभी बेच्न नपाइएलाकी भन्ने चिन्ताले सताएको अग्रज कृषक मार लामाले जानकारी दिनुभयो ।

उहाँका अनुसार नमूना वस्तीका रूपमा परिचित गत्लाङमा गतवर्ष एक हजार ६५० ट्रक बन्दागोभी बिक्री भएकामा यसवर्ष बढी दुई हजार १०० टन उत्पादन अनुमान गरिएको छ ।

बन्दागोभी उत्पादनका लागि प्रख्यात सो तामाङ वस्तीको आयआर्जनको स्रोत तरकारी खेती रहेको बताउँदै उहाँले भन्नुभयो, "अबको १५-२० दिनभित्र फसल तयार हुन्छ । त्यो बेलासम्म बाटो तयार हुँदैनकी भन्ने चिन्तामा छौं । बन्दागोभी बेच्न नपाए हातमुख जोड्न गाह्रो छ । बाटो निर्माणतर्फ सरकारको ध्यान जाओस् ।"

सो गाउँपालिकाका उपाध्यक्ष चण्डीका तामाङले प्रकृतिले ठगेको रसुवा जिल्लाको उर्वर भूमि गत्लाङमा यस वर्ष बन्दागोभी खेती लोभलाग्दो रहेको बतउँदै बाटो अभावका कारण समयमै फसल बजारसम्म पुर्याउन नसक्दा भौके बस्न पर्नेहोकी भनी चिन्ता व्यक्त गर्नुभयो । उहाँले खाद्यन्न मात्र नभइ नुन-तेल, मरमसला, शिक्षा-स्वास्थ्य, बैङ्क कर्जालगायत सम्पूर्ण आर्थिक कारोबारको स्रोत रहेको गत्लाङको बन्दागोभी बिकेन भने बाढीसँगै अर्को विपत्तिको सामना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । रासस


**प्रभु बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८३/०५/२४ गते बुधबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०६/२७ गते सोमबारको राष्ट्रिय लोकतन्त्र दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८२/१२/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो वापतको सम्पत्ति लिलाम बिक्री नभएकोले मिति २०८२/०३/१६ गते मलंगवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट पूनः लिलाम बिक्री गरिने भएको ले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०५/३१ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबै मा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/१६/०१ मा प्रा.फ.र.नं. ५९३१/०७३/०७४ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मितिः २०७३/०६/१८ (मू.अ.क. दर्ता मिति २०७३/०६/१८)मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५१८५०५० को प्रमाणपत्र प्राप्त **सिद्धि बिनायक प्लाईउड उद्योग ।**

**फर्मको ठेगाना :** सर्लाही जिल्ला, मलगंवा न.पा., वडा नं. ८ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : बिनोद कुमार कलवार** (ना.प्र.नं. १०७७१२८९, जारी मिति २०५८/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)
स्थाई ठेगाना : सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. ११ (साविक बेला गा.वि.स. वडा नं. ७) ।
हालको ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा.वडा नं. ८, बाबु : राम नाथ प्रसाद । बाजे : हरिहर प्रसाद ।

**जमानतकर्ताः किरण जयसवाल** (ना.प्र.नं. १९-०१-७४-०४७७८, जारी मिति २०७४।०४।३१, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८ ।
बाबुः बिश्वनाथ चौधरी ।
पति : बिनोद कुमार कलवार ।
ससुरा : राम नाथ प्रसाद ।

**जमानतकर्ता : अविनाश कुमार कलवार** (ना.प्र.नं. १९-०१-७७-२२९६१ जारी मिति २०७७/१२/२०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८।
बाबु : बिनोद कुमार कलवार ।
बाजे : राम नाथ प्रसाद ।

**ख.लिलाम बिक्री हुने धितो सम्पत्तिको विवरण :**

१. **बिनोद कुमार कलवार**को नाममा मालपोत कार्यालय सर्लाही मलगंवा मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क स्थित कित्ता नं. १६८५, क्षेत्रफल ०-१०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.... १
२. ऋणी **सिद्धि बिनायक प्लाईउड उद्योग**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय,बबरमहल,काठमाण्डौ र शाखा कार्यालय मलंगवा, सर्लाही**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय मलंगवा सर्लाही**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**


# कोरला नाकाबाट भित्रिए १० कन्टेनर फलफूल

मुस्ताङ । उत्तरी कोरला नाकाबाट फलफूल बोकेको १० कन्टेनर भन्सारमा चेक जाँच गरी क्रमशः नेपाल भित्रिन थालेका छन् ।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीपछि रसुवा-केरुङ नाका बन्द भएपछि त्यहाँबाट पैठारी गरिने फलफूल कोरला नाकातर्फ फर्काउन थालिएको हो । केरुङ नाकाबाट फिर्ता आएका फलफूलका कन्टेनर कोरला नाकास्थित लिजीमा आइपुगेपछि नेपाली कन्टेनरले त्यहाँ पुर्याइएका फलफूल पल्टी गरी नेपाल भित्र्याउन थालेका हुन् ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार कोरला नाकाबाट पहिलो पटक फलफूल नेपाल भित्रिन थालेको जानकारी दिनुभयो । आइतबार र सोमबार गरी दुई दिनमा कोरला नाकाबाट नेपाल भित्रिएका १० कन्टेनरको पैठारी भन्सार जाँचपास भई नेपालतर्फ आइरेका छन् ।

रसुवागढी-केरुङ नाका र तातोपानी नाका पूर्णरुपमा बन्द भएपछि कोरला नाकाबाट कतिको संख्यामा केन्टेनर फर्काइएको हो, एकीन भइसकेको छैन । कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको प्लान क्वारेन्टाइन कार्यालयका प्रतिनिधि बन्दना घर्तीमगरका अनुसार चीनबाट कोरला नाका हुँदै दुई दिनमा ड्रागन फुड नौ हजार ४५० केजी ।रासस


**भूमि प्रशासन मालपोत कार्यालय गौर , रौतहट**

**मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना**

तपसिलको जागाको मोही लक्ष्मीनीया ग्वारीन मरूवा भएको ले मोही लगत कट्टा गरी पाउँ भनी ज०ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साव लिक्षित हक दाबी गर्न आउनु होला वा रीतपूर्वक बारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम नै जाने व्यहोरा यसै सूचनाबाट सुचित गरिन्छ ।

**तपसील**

| ज.ध.को नाम | जिल्ला | गा.पा./न.पा. | बड़ा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| विद्या सागर राय यादव | रौतहट | गोगदौल | ४ | २४५/४१५ | ०-२-० |

मोही-लक्ष्मीनीया ग्वारीन उपरोक्तानुसारको जग्गाको मोहीको मोही लक्ष्मीनीया ग्वारीन भइ निज पत्नी, नि. सन्तान प्रलोक भएकोले निजको हकदार कोही नरहेको र उक्त जग्गा ज.ध.को जोत भोगमा रहेकोले सरुवा, मोहीलग कठा गरी पाउँ भन्नि ज.ध.ले माग गरेकोले कार्यावाहीको सिलसिलामा यो सुचना प्रकासित गरिएको छ। मोही वा मोही हकवाला कोही भए सो हकवालाले आफ्नो प्रमाण सहित यो सुचना प्रकासित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा नियमअनुसार मारूवा मोही लगत कटा भइ जाने छ। पछि कुनै उजुर लाग्ने छैन।

# एक वर्षमा पनि पुनर्निर्माण भएन जेनजी आन्दोलनका क्षतिग्रस्त संरचनाहरु

टुडे समाचारदाता

जनकपुरधाम । जेनजी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडबाट क्षतिग्रस्त मधेश प्रदेशका सरकारी संरचनाहरू आन्दोलनको एक वर्ष पूरा हुँदासमेत पूर्णरूपमा पुनर्निर्माण हुन नसक्दा घाउ ताजै रहेको देखाउँछ । प्रदेश सरकार, स्थानीय तह र संघीय सरकारअन्तर्गतका कार्यालयसँगै प्रहरीका संरचना तथा सवारीसाधनमा भएको क्षतिको पुनर्स्थापना अझै अधुरो छ ।

आन्दोलनका क्रममा मधेश प्रदेशमा सरकारी संरचना र सवारीसाधनमा गरी करिब रु. ४ अर्ब ५२ करोड ६५ लाख बराबरको क्षति भएको विभिन्न निकायबाट संकलित तथ्यांकले देखाउँछ । यद्यपि क्षतिको मूल्यांकन गर्ने निकाय र पद्धति फरक रहेकाले यो रकमलाई अन्तिम एकीकृत सरकारी तथ्यांकका रूपमा लिन भने मिल्दैन ।

मधेश प्रदेश प्रहरी कार्यालयको अभिलेख अनुसार आन्दोलनका क्रममा प्रदेशभर २३४ वटा सरकारी कार्यालय प्रभावित भएका थिए। प्रदेश सरकारअन्तर्गतका कार्यालयमा मात्रै करिब रु. ५७ करोड ३५ लाख ५२ हजार बराबरको क्षति भएको मूल्यांकन गरिएको छ ।

प्रहरीतर्फ पनि ठूलो क्षति भएको थियो । प्रदेश प्रहरीको विवरणअनुसार प्रहरीका सवारीसाधनमा मात्रै करिब रु. २ करोड ६ लाख ७८ हजार बराबरको क्षति पुगेको थियो। तर एक वर्ष बितिसक्दा पनि यी सबै संरचना पुरानै अवस्थामा फर्काउन नसकिएको अवस्था छ। कतिपय कार्यालय सामान्य मर्मतपछि सञ्चालनमा आए पनि पूर्ण पुनर्निर्माण भने बाँकी नै छ।



### सारिएको ठाउँमा मुख्यमन्त्री कार्यालय

मधेश प्रदेश सरकारको प्रशासनिक केन्द्र मानिने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पनि आन्दोलनबाट नराम्ररी प्रभावित भएको थियो। आगजनी तथा तोडफोडका कारण भवन र कार्यालयका सामग्रीमा क्षति पुगेपछि अहिलेसम्म पूर्ण मर्मत सम्भार हुन सकेको छैन ।

कार्यालयको नियमित काम नरोकियोस् भनेर अहिले मुख्यमन्त्री कार्यालयलाई गृह, सञ्चार तथा कानून मन्त्रालयको भवनमा सञ्चालन गरिएको छ । प्रदेश सरकारको प्रमुख प्रशासनिक कार्यालय नै आफ्नो मूल भवनमा फर्कन नसक्नुले पुनर्निर्माणको गति र त्यसका लागि आवश्यक बजेट व्यवस्थापनमाथि प्रश्न उठाएको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले बजेट अभावका कारण क्षतिग्रस्त संरचनाको पूर्ण पुनर्निर्माण गर्न नसकिएको बताए। उनका अनुसार कार्यालयको काम प्रभावित हुन नदिन तत्काल आवश्यक पर्ने सामान्य मर्मत सम्भार गरेर काम चलाइएको छ ।

क्षतिग्रस्त सरकारी सवारीसाधनको बीमा दाबीबारे उनले केही सवारीसाधनको रकम प्राप्त भइसकेको भए पनि अधिकांशको प्रक्रिया अझै चलिरहेको बताए ।

### भाडाको घरमा मन्त्रालय

आन्दोलनको आगोबाट क्षतिग्रस्त श्रम, रोजगार तथा यातायात मन्त्रालयको अवस्था पनि उस्तै छ । भवनमा भएको क्षति अझै पूर्णरूपमा मर्मत हुन नसक्दा मन्त्रालय आफ्नै भवनमा फर्कन सकेको छैन ।

मन्त्रालयलाई अहिले भाडाको घरबाट सञ्चालन गर्नुपरेको छ। सरकारी कार्यालयका लागि आफ्नै भवन हुँदाहुँदै पनि त्यसलाई प्रयोग गर्न नसक्दा राज्यले अतिरिक्त भाडा खर्च व्यहोर्नुपरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालका अनुसार आन्दोलनबाट क्षतिग्रस्त प्रहरी संरचनाको पूर्ण पुनर्निर्माण अझै हुन सकेको छैन । सरकारबाट प्राप्त हुने बजेटका आधारमा आवश्यक मर्मत सम्भार गर्दै कार्यालयहरू सञ्चालनमा ल्याउने प्रयास भइरहेको उनले बताए ।

उनका अनुसार क्षतिग्रस्त प्रहरी सवारीसाधनको बीमा दाबीमध्ये केहीको रकम प्राप्त भइसकेको छ भने अधिकांश दाबी अझै प्रक्रियामै छन् ।

### प्रदेशसभा चल्यो, तर पुनर्निर्माण अपुरै

आन्दोलनका क्रममा मधेश प्रदेशसभा भवन र सचिवालय पनि अछुतो रहेन। विभिन्न कार्यकक्ष, बैठकस्थल, फर्निचर तथा विद्युतीय उपकरणमा क्षति पुगेको थियो ।

प्रदेशसभा र सचिवालयमा मात्रै करिब रु. ४० करोड बराबरको भौतिक क्षति भएको प्रारम्भिक मूल्यांकन गरिएको थियो ।

हाल प्रदेशसभा सचिवालयले सामान्य मर्मत गरेर आफ्नो काम सञ्चालन गरिरहेको छ । तर आन्दोलनमा क्षतिग्रस्त भएका सबै संरचना र सामग्री पूर्ववत् अवस्थामा फर्किसकेका छैनन् । प्रदेशसभा बैठक कक्षमा आवश्यक कुर्सीसमेत पूर्णरूपमा व्यवस्थापन हुन नसकेको अवस्था छ। भवनलाई पनि पूर्ण पुनर्निर्माणभन्दा तत्काल काम चलाउने हिसाबले मर्मत गरिएको छ ।

प्रदेश सरकारअन्तर्गतका अन्य मन्त्रालय तथा कार्यालयको अवस्था पनि धेरै फरक छैन । भौतिक पूर्वाधार विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलगायतका कार्यालय र मन्त्री आवासमा आन्दोलनका क्रममा क्षति पुगेको थियो । यीमध्ये धेरैजसो संरचना सामान्य मर्मत सम्भारपछि सञ्चालनमा ल्याइए पनि पूर्णरूपमा पुनर्निर्माण तथा स्तरोन्नति भने हुन सकेको छैन ।

### स्थानीय तह संरचनाहरू पनि पुनर्निर्माण भएन

आन्दोलनको प्रभाव प्रदेश राजधानी र प्रदेश सरकारका कार्यालयमा मात्र सीमित थिएन। स्थानीय तहका कार्यालय भवन र सम्पत्तिसमेत ठूलो मात्रामा क्षतिग्रस्त भएका थिए ।

वीरगञ्ज महानगरपालिका र जनकपुरधाम उपमहानगरपालिकासहित प्रदेशका विभिन्न स्थानीय तहका कार्यालयमा आगजनी तथा तोडफोड भएको थियो ।

वीरगञ्ज महानगरपालिकाले आफ्नो संरचना, उपकरण तथा सम्पत्तिमा मात्रै रु. १ अर्ब १५ करोड ३२ लाख बराबरको क्षति भएको मूल्यांकन गरेको थियो । जनकपुरधाम उपमहानगरपालिकामा पनि रु. ५ करोडभन्दा बढीको भौतिक संरचना तथा उपकरणमा क्षति पुगेको विवरण छ ।

तर क्षतिग्रस्त स्थानीय तहका सबै संरचना अहिलेसम्म पुनर्निर्माण हुन सकेका छैनन् । तत्काल सेवा प्रवाहका लागि सामान्य मर्मत गरेर कार्यालय सञ्चालनमा ल्याउने रणनीति अपनाइएको छ ।

### संघीय कार्यालयको पनि अवस्था उस्तै

मधेशमा आन्दोलनको क्षति प्रदेश र स्थानीय तहका कार्यालयमा मात्र सीमित थिएन। संघीय सरकार मातहतका कार्यालयसमेत ठूलो मात्रामा प्रभावित भएका थिए ।

सप्तरीमा सरकारी कार्यालयतर्फ रु. ७५ करोडभन्दा बढीको क्षति मूल्यांकन गरिएको थियो। रौतहटमा सरकारी कार्यालयमा मात्रै रु. ३६ करोडभन्दा बढी र सरकारी तथा निजी सम्पत्ति जोड्दा रु. ४४ करोडभन्दा बढी क्षति भएको विवरण सार्वजनिक भएको थियो । सर्लाहीमा सार्वजनिक सम्पत्तिमा करिब रु. ६३ करोड ५५ लाख बराबरको क्षति भएको प्रारम्भिक मूल्यांकन छ। त्यस्तै जनकपुर भन्सार कार्यालयमा मात्रै करिब रु. १३ करोड ८७ लाख बराबरको क्षति पुगेको विवरण सार्वजनिक भएको थियो ।



सरकारी कार्यालयसँगै महत्वपूर्ण अभिलेख, विद्युतीय उपकरण, फर्निचर तथा सवारीसाधन नष्ट हुँदा पुनःस्थापना प्रक्रिया झन् जटिल बनेको छ ।

आन्दोलनका क्रममा सरकारी सम्पत्तिसँगै संघीय तथा प्रदेशका पूर्व तथा बहालवाला सांसद, मन्त्री र राजनीतिक व्यक्तित्वका निजी निवासमा समेत आगजनी तथा तोडफोड भएको थियो ।

केही व्यवसायिक प्रतिष्ठान तथा निजी सम्पत्तिसमेत क्षतिग्रस्त भएका थिए। तर सरकारी कार्यालयको तुलनामा निजी क्षेत्रको क्षतिको प्रदेशस्तरीय एकीकृत विवरण अझै स्पष्ट रूपमा सार्वजनिक हुन सकेको छैन ।

प्रदेश सरकारका संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरका अनुसार जेनजी आन्दोलनका कारण क्षतिग्रस्त ३ जिल्लाका सरकारी कार्यालयहरूमा ७२ लाख ४९ हजार ६ सय ८८ रुपैया बराबरको मात्र मरम्मत सम्भार हुन सकेको छ ।

कार्यालयका अनुसार यसरी मर्मतसम्भार भएको कार्यालयहरूमा जिल्ला अदालत धनुषा, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिबास, जिल्ला अदालत सर्लाही, जिल्ला सहकारी वकिल कार्यालय सर्लाही, महेन्द्र नारायण मिथिला सांस्कृतिक केन्द्र जनकपुर, जिल्ला कारागार सर्लाही तथा राईजोवियम तथा घाँसेबाली बीउबिजन प्रयोगशाला रहेको जनाएको छ।

# चालु आ.व.मा प्रदेश सरकारलाई ७ अर्ब बजेट घाटा

टुडे समाचारदाता

जनकपुरधाम । गत आर्थिक वर्षमा करीब १७ अर्ब रुपैया बजेट घाटा सहेका मधेश प्रदेश सरकार चालु आर्थिक वर्षमै ठूलो आर्थिक जोखिममा पर्ने देखिएको छ । सरकारले चालु आर्थिक वर्ष २०८३/०८४ मा समेत ७ अर्ब जतिको घाटा हुन सक्ने अनुमान गरेको छ ।



सरकारले चालु आ.व.का लागि ल्याएको ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट स्रोत व्यवस्थापनमा दबाब बढेपछि बजेट घट्ने र ७ अर्ब रुपैयाँभन्दा बढी घाटा हुने अनुमान गरिएको छ ।

गत असार १ गते प्रदेश सरकारले प्रस्तुत गरेको बजेट असारमै प्रदेश सभाबाट पारित भएर कार्यान्वयनमा आइसकेको छ । तर बजेटमा अनुमान गरिएका आन्तरिक राजस्व, नगद मौज्दात तथा संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान लक्ष्यअनुसार प्राप्त हुन नसकेपछि सरकार आर्थिक दबाबमा परेको हो ।

आर्थिक जोखिम बढेपछि मधेश प्रदेशको अर्थ मन्त्रालयले विभिन्न ४४ शीर्षकमा २० प्रतिशतदेखि शतप्रतिशतसम्म बजेट रोक्का तथा कटौती गर्ने निर्णय गरेको छ । अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको बजेटमा चालुतर्फ १४ अर्ब ६६ करोड र पुँजीगततर्फ २६ अर्ब ४७ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्षको ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेटका लागि सरकारले आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट ११ अर्ब २२ करोड ७५ लाख, संघीय सरकारबाट राजस्व बाँडफाँटबापत १२ अर्ब ८३ करोड तथा वित्तीय अनुदानबाट ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरेको थियो ।

त्यस्तै, अघिल्लो आर्थिक वर्षको बाँकी नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ र स्रोतबाट खर्च बेहोर्दा न्यून हुने १ अर्ब ५० करोड रुपैयाँ आन्तरिक ऋणबाट पूर्ति गर्ने व्यवस्था बजेटमा गरिएको थियो ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ वित्तीय समानीकरण अनुदान ७ अर्ब ८४ करोड ८५ लाख, सशर्त अनुदान ८ अर्ब १० करोड २८ लाख, समपूरक अनुदान ९४ करोड ७४ लाख र विशेष अनुदान ७० करोड रुपैयाँ अनुमान गरिएको थियो । तर, सरकारले अनुमान गरेअनुसार स्रोत उपलब्ध हुन नसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्षको अन्त्यमा प्रदेश सरकारको कोषमा ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ नगद मौज्दात रहने अनुमान गरिए पनि असार २५ सम्म करिब २ अर्ब ५० करोड रुपैयाँ मात्रै मौज्दात रहेको अर्थ मन्त्रालयको भनाई छ । यस्तै, आन्तरिक राजस्व तथा विविध शीर्षकबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ उठ्ने अनुमान गरिएकोमा असार मसान्तसम्म ५ अर्ब ७६ करोड ५६ लाख रुपैयाँ मात्रै संकलन भएको बुझिएको छ ।

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानसमेत अनुमानभन्दा कम प्राप्त हुने सम्भावना रहेको मन्त्रालयले जनाएको छ । बाढी-पहिरोलगायतका विपद्का कारण संघीय सरकारले अनुदान कटौती गर्न सक्ने मन्त्रालयको अनुमान छ ।

बजेट घाटाको जोखिम बढेपछि अर्थ मन्त्रालयले ४४ वटा शीर्षकमा बजेट कटौती तथा रोक्का गरेको छ । गत भदौ २ गते गरिएको निर्णयअनुसार भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत कटौती गरिएको छ ।

त्यस्तै, सवारी साधन तथा मेसिनरी औजार भाडामा शतप्रतिशत बजेट रोक्का गरिएको छ । सीप विकास तथा योजना तालिम, गोष्ठी, अन्य संस्थालाई दिइने सशर्त अनुदान, वन तथा वातावरण संरक्षण र भैपरी आउने खर्चलगायतका शीर्षकमा ५० प्रतिशत बजेट रोक्का गरिएको छ ।

पूँजीगत अनुसन्धान तथा परामर्श खर्चमा भने ७५ प्रतिशत कटौती गरिएको मन्त्रालयले जनाएको छ । यी निर्णय कार्यान्वयनका लागि मातहतका निकायमा पत्राचार गरिसकिएको उपसचिव राउतले बताए । उनका अनुसार यीबाहेक अन्य बजेट भने सरकारले सञ्चालनका लागि खुला गरेको छ ।

# प्रेमीसँग विवाह गर्न टावर चढेका युवक पक्राउ

टुडे समाचारदाता

रौतहट । भारतीय सीमावर्ती क्षेत्रमा प्रेमीसँग विवाह गर्नुपर्ने माग राख्दै मोबाइल टावरमा चढेकी युवतीको उजुरीपछि प्रहरीले युवकलाई पक्राउ गरी जेल पठाएको छ ।

वीरगंज संग जोडिएको भारत बिहारको रक्सौलस्थित हरैया थाना क्षेत्रको परेउवा निवासी एक युवती एक युवकसँग प्रेम सम्बन्धमा रहेको र उनीसँगै विवाह गर्न चाहेको बताइएको छ । तर, युवकले विवाह गर्न अस्वीकार गरेपछि युवतीले दबाब दिन एकसाता अघि टावरमा चढेको प्रारम्भिक विवरणमा उल्लेख छ ।

घटनापछि हरैया प्रशासनले लाउडस्पीकरमार्फत युवतीलाई तल झर्न आग्रह गर्दै उनका माग सम्बोधन गर्ने आश्वासन दिएको थियो। त्यसपछि युवती टावरबाट तल झरेकी थिइन् ।



युवतीले घटनाबारे स्थानीय प्रहरीमा निवेदन दिएपछि हरैया थानामा काण्ड संख्या ११८/२६ दर्ता गरिएको थियो। सोही निवेदन तथा प्रारम्भिक अनुसन्धानका आधारमा प्रहरीले आरोपी युवकलाई खोजी गर्न थालेको थियो ।

प्रहरीले सोमबार साँझ महुअवा थाना क्षेत्रअन्तर्गत पचपोखरिया गाउँमा छापा मारेर प्रेमचन्द्र यादवका छोरा विवेक कुमार यादवलाई पक्राउ गरेको हो। पक्राउ परेका यादवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी प्रहरीले जेल पठाएको जनाइएको छ ।

### प्रेम, अस्वीकार र कानुनी बाटो

यो घटनाले प्रेम सम्बन्धमा विवाहको विषयलाई लिएर उत्पन्न हुने विवादले कहिलेकाहीँ असामान्य रूप लिन सक्ने देखाएको छ। विवाह गर्ने वा नगर्ने निर्णय दुवै पक्षको सहमतिमा हुनुपर्ने भए पनि अस्वीकारपछि टावर चढ्नुजस्तो जोखिमपूर्ण कदमले युवतीको ज्यानसमेत खतरामा पार्न सक्थ्यो । अर्कोतर्फ, युवतीले आफ्नो समस्या प्रहरीसमक्ष निवेदनमार्फत राख्नु कानुनी समाधान खोज्ने बाटो हो। तर, युवकविरुद्ध कुन-कुन कानुनी कसुर प्रमाणित हुन्छ भन्ने कुरा प्रहरी अनुसन्धान र अदालतको प्रक्रियाबाट मात्रै स्पष्ट हुनेछ। पक्राउ पर्दैमा आरोप प्रमाणित भएको मानिँदैन ।

यस घटनाले प्रेम सम्बन्धमा विवाद उत्पन्न हुँदा धम्की, आत्मघाती वा जोखिमपूर्ण कदमको सट्टा परिवार, प्रहरी तथा कानुनी निकायमार्फत समाधान खोज्नुपर्ने आवश्यकता पनि देखाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८